# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## बिगु गाउँपालिका, दोलखा

## आर्थिक वर्ष २०७५।७६

## महालेखापरीक्षकको कार्यालय

काठमाडौं

*Serving the Nation and the People*

## दूरदृष्टि(Vision)

जनहितकालागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

## गन्तव्य(Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

## मूल्य मान्यता(Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यावसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल

(बागमती र गण्डकी प्रदेश लेखापरीक्षण महानिर्देशनालय)

पत्र संख्या:२०७६/७७

च.नं : ७७७

मिति:२०७७/३/२४

श्री बिगु गाउँपालिका,
दोलखा ।

**विषयः लेखापरीक्षण प्रतिवेदन ।**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस गाउँपालिकाको आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारबाहीको लागि अनुरोध छ ।

(बामदेव शर्मा अधिकारी)

नायब महालेखापरीक्षक

# महालेखापरीक्षकको भनाई



**टंकमणि शर्मा, दंगाल**

**महालेखापरीक्षक**

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीयतहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययीता, कार्यदक्षता, प्रभावकारीता र औचित्यको आधारमा महालेखा परीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन,२०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७५।७६ को आर्थिक कारोबारको लेखापरीक्षणसम्पन्न गरी प्रतिवेदन तयार गरिएको छ ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका,महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसंग सम्बन्धित ऐन, नियम समेतको आधारमासम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जूमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । स्रोत साधनको प्राप्ती र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रबर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न भएपश्चात् जारी प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरी राय सहितको अन्तीम प्रतिवेदनजारी गरिएको छ । प्रतिबेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितब्ययीता, दक्षता र प्रभावकारीता आउने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शीता प्रर्बद्धन हुने विश्वास लिइएको छ।

लेखापरीक्षणबाट मूलतः स्थानीय तहमा प्राप्त हुने अनुदान, आन्तरिक आय र राजश्व बाँडफाँडको प्रक्षेपण यथार्थपरक नरहेको,आन्तरिक आयतर्फ सङ्कलन न्यून रहेको, बजेट अनुशासन कमजोर रहेको,अबण्डा बजेट राखेको,खर्च पश्चात् बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, अत्याधिक प्रशासनिक खर्च गरेको, वितरणमूखी खर्चको बाहुल्यता रहेको जस्ता प्रबृति देखिएका छन । विकास निर्माणतर्फ योजनाप्राथामिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौटगरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको,तोकिएबमोजिम जनसहभागिता नजुटेको, दीगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यकशीपयुक्त जनशक्तिको कमी रहेको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्तअभिलेख नरहेको,सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ ।गत विगतमा लेखापरीक्षणबाट औँल्याएका व्यहोराहरु सुधार तथा बेरुजू उपर अपेक्षित रुपमा आवश्यक कारबाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको बावजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गर्ने प्रयास गरिएको थियो ।लेखापरीक्षणको क्रममा स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो ।लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापनमा सुधार हुने, भौतिक पूर्वाधार र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु ।स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु । आगामी दिनमा समेत यस्तै सहयोगको अपेक्षा गर्दछु ।

२०७७ आषाढ २७ गते ।

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल

(वागमती तथा गण्डकी प्रदेश महानिर्देशनालय)

पत्र संख्या: २०७६।७७
च.नं. ८०२ मिति: २०७७।०३।२५
श्री प्रमूखज्यू,
बिगु गाउँपालिका,दोलखा । **विषयः लेखापरीक्षण प्रतिवेदन**

**कैफियत सहितको राय**

हामीले बिगु गाउँपालिका,दोलखाको आर्थिक वर्ष २०७५।७६ को बित्तिय विवरण र त्यस सङ्ग सम्बन्धित आय ब्यय बिबरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७६ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७५।७६ को बित्तिय विवरण र त्यससङ्ग सम्बन्धित अन्य बिबरणले स्थानीय तहसङ्ग सम्बन्धित प्रचलित कानूनबमोजिम सारभूतरुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको रायव्यक्त गर्ने आधार**

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्बजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी बित्तिय बिबरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रु. ३ करोड ३४ लाख ७३ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.९ लाख ३८ हजार प्रमाण कागजात पेश गर्नुपर्ने रु.१ करोड ३ लाख ९१ हजार, नियमित गर्नुपर्ने रु.२ करोड १ लाख ६९ हजार, तथा पेश्की बाँकी रु.१९ लाख ७५ हजार रहेको छ ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७६।०८।१६ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहितका प्रमाण कागजातका आधारमा फछ्यौंट भएका दफाहरु हटाई कायम व्यहोराको अन्तिम प्रतिवेदन पाना २०(बीस) यसैसाथ संलग्न छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले गाँउपालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकीन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसङ्ग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तह सङ्ग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार संचालन ऐन,२०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी बित्तिय बिबरण तयार गर्ने तथा जालसाँजी वा अन्य गल्तिका कारण बित्तिय बिवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी गाउँपालिका व्यवस्थापनमा रहेको छ । गाउँ कार्यकारिणी, अध्यक्ष र प्रमुख प्रशासकिय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्तता सम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षण सङ्ग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउन सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विषेश वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(वामदेव शर्मा अधिकारी)
नायबमहालेखापरीक्षक

# बिगु गाउँपालिका दोलखाको लेखापरीक्षण प्रतिवेदन

## आ.ब.२०७५।७६

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | **परिचयः** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको संचालन गर्ने बिगु गाँउपालिकाकोस्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने हरेक कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता,उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरिय सेवा प्रदान गर्नु हो । यो गाँउपालिका अर्न्तगत ८ वडा रहेको, ४४ सभा सदस्य, ६६३.२ व.कि.मी. क्षेत्रफल, १८४४९ (२०६८ को जनगणनानुसार) जनसंख्या सहित वागमती प्रदेशमा अवस्थित छ । | |
| | लेखापरीक्षणको क्रममा औल्याए पश्चात रु.८८५९७असुल भई सम्वन्धित राजस्व खातामा दाखिला भएको छ । | |
| १. | **स्थानीय संचितकोषः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ वमोजिम गाँउपालिकाले आर्थिक वर्ष २०७५।०७६ मा प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकार संचालनको क्रममा भएका व्ययहरु समेत समग्र संचित कोषको संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छ । | |

| आय | | व्यय | |
|---|---|---|---|
| विवरण | रकम | विवरण | रकम |
| गत आ.व.को मौज्दात | १८०४८१९८.८८ | संघिय सरकार सशर्त खर्च | १०८९८५३९३।८१ |
| धरौटी मौज्दात | ३०००।००० | प्रदेश सरकार सशर्त खर्च | ७६५७७५० |
| संघिय सरकार सशर्त अनुदान | १०९,९७६,३४४।४ | सघींयसरकारसमानिकरणपुजीगतखर्च | ११२८००००० |
| प्रदेश सरकार सशर्त अनुदान | १२,२२८,०००।०० | प्रधानमन्त्री रोजगार कार्यक्रम खर्च | २,३५७,५००।०० |
| प्रधानमन्त्रीरोजगरकार्यक्रम | २,३५७,५००।०० | प्रदेश सरकार वित्तिय समानिकरण अनुदान खर्च | ७,६५२,०००।०० |
| प्रदेश सरकार वित्तिय समानिकरण अनुदान | ७,६५२,०००।०० | सामाजिकसुरक्षा खर्च | ३७,०९६,६००।०० |
| सामाजिक सुरक्षा | ३७,२०२,८००।०० | प्रदेश सरकार समपूरक अनुदान | ४,५८४,४५५।०० |
| प्रदेश सरकार समपूरक अनुदान | १०,०००,०००।०० | स्थानिय पूर्वाधार विकास साझेदारी कार्यक्रम | ९९०,०००।०० |
| स्थानिय पूर्वाधार विकास साझेदारी कार्यक्रम | ९९०,०००।०० | आन्तरिक आम्दानिबाट चालु खर्च | २,५६२,००४।४७ |
| संघिय सरकार वित्तिय समानिकरण अनुदान | ११२,८००,०००।० | आन्तरिक आम्दानिबाट पुजिँगत खर्च | २१३३१९४३।५२ |
| आन्तरिक आम्दानी | ७,७०१,०६६।६० | सघीयसरकारराजस्ववाडफाँडबाटचालुखर्च | ४१,३७०,४७४।०९ |
| संघिय सरकार राजश्व वाँडफाँड | ५८,३८८,१५४।९९ | एम्रबुलेन्सखरिदआन्तरिकआम्दानीपुजिँगत | ७,८०८,१५८।८६ |
| प्रदेश सरकार राजस्व वाडफाड साना सवारी कर | ९,३६३,९३७।०० | आन्तरिक आम्दानिबाट कन्टिजेन्सि खर्च | ५,१७५,००६।८४ |
| गरिवसँग विशेश्वर कार्यक्रम | ५५२,०६०।०० | सघीय सरकार राजस्व वाडफाँड पुजिँगत खर्च | १७,०१७,६८०।९० |
| झोलुगेपुल क्षेत्रगत कार्यक्रम | १,०३२,९०७।०० | प्रदेश सरकार राजश्व वाँडफाँड पुजिँगत | ९,३६३,९३७।०० |
| प्रदेश तथा स्थानीय क्षमता विकास कार्यक्रम (LGCDP) | २६८,०००।०० | गरिवसँग विशेश्वर कार्यक्रम खर्च | ५५२,०६०।०० |
| यस आ .व. को धरौटी | ७८९,००५।२४ | झोलुगे पुल क्षेत्रगत कार्यक्रम खर्च | १,०३२,९०७।०० |
| पर्यटन बोर्डबाट प्राप्त | ५००,०००।०० | प्रदेश तथा स्थानीय क्षमता विकास कार्यक्रम (LGCDP) | २६८,०००।०० |
| घरजग्गा रजिष्ट्रेशन दस्तुर मालपोत | ४४०९८३।०० | धरौटीफिर्ता | १२१,५००।०० |
| अपर तामाकोशीबाट प्राप्त | १०८३६०००।०० | पर्यटन बोर्डबाट प्राप्त रकम खर्च | १,०००,०००।०० |
| सामाजिक सुरक्षा बढी बैंक दाखिला | ८२०००।०० | दैवि प्रकोप उद्दार विशेष कोष खर्च | १,८६६,८९४।०० |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|

| | | | |
|---|---|---|---|
| कारितास नेपालबाट आएको महिला शाखा व्यवस्थापनको लागि | २०००००।०० | **जम्मा** | **३९१,५९४,२६५।४९** |
| दैवी प्रकोप उद्धार विशेष कोष | २३०३२४२ | संचितकोष | २४,२७०,९५८।९७ |
| छुट आन्तरिक आय | १८४०८२।२३ | पूँजिगतखाता | ३,१४३,३९४।५३ |
| | | चालूखाता | ९७०,४८७।७८ |
| | | धरौटीखाता | ६७०,५०५।२४ |
| | | दैविप्रकोप उद्दार विशेष कोषखाता | ४३६,३४८।०० |
| - | | **वैङ्कमौज्दात** | **२९,४९१,६९४।५२** |
| | | **चेकसाट्नवाँकीरकम** | **(१७१८६,६७८।६७)** |
| **कुल जम्मा** | **४०३८९९२८१।३४** | **कुल जम्मा** | **४०३,८९९,२८१।३४** |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | **लेखापरीक्षण गर्दा देखिएका व्यहोरा निम्न अनुसार रहेका छन् :** | |
| २.१ | **आन्तरिक लेखापरीक्षण:**स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ मा स्थानीय तहले कानून बमोजिम आफ्नो आय र व्ययको आन्तरिक लेखापरीक्षण गराउनु पर्ने र आन्तरिक लेखापरीक्षणले औल्याएका कैफियत सम्वन्धित अधिकारीले अन्तिम लेखापरीक्षण हुनु भन्दा अगाडी सम्परीक्षण गराउनु पर्नेछ भन्ने प्रावधान छ । कार्यालयले कानूनको उक्त प्रावधान बमोजिम आफ्नो आय र व्यय हिसावको आन्तरिक लेखापरीक्षण गराएको छैन । यसबाट आन्तरिक नियन्त्रणमा असर पर्न सक्ने अवस्था समेत देखिन आयो । यस सम्वन्धमा सम्वन्धित निकाय तथा पदाधिकारीले ध्यान दिई सुधार गर्नुपर्ने देखिन्छ । | |
| २.२ | **विद्युतिय लेखा :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा कारोवारको लेखा राख्नु पर्ने तथा महालेखा नियन्त्रक कार्यालयले निःशुल्क रुपमा उपलब्ध गराएको Sub National Tresury Regulatory application (SUTRA)प्रयोग गरी लेखा राख्नुपर्ने व्यवस्था छ । कार्यालयले आफ्नो सबै कारोवारको लेखा SUTRA मार्फत सफ्टवेयरमा राख्नु पर्नेमा सो नगरी आर्थिक कारोवारको लेखा हातले प्रविष्टि गरी राखिएको, जोडजम्मा समेत आशिंक मात्र गरेको, कतिपय खर्च र सोको गौश्वरा भौचर बैंक नगदी किताबमा प्रविष्टि गर्दा फरक रकम प्रविष्टि गर्ने तथा प्रविष्टि गर्न छुट गर्ने गरेको आदि अवस्था देखियो । यसबाट गाँउपालिकाको आय-व्ययको हिसाव यथार्थपरक छ भनि विश्वस्त हुन सकिएन । यसमा सम्वन्धित निकायबाट यथार्थता छानविन गरिनु पर्ने देखिन्छ । | |
| २.३ | **आन्तरिक नियन्त्रण प्रणाली :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र दक्षतापुर्ण ढंगवाट सम्पादन गर्न र वित्तिय प्रतिवेदन प्रणालीलाई विश्वसनिय वनाउन तथा प्रचलित कानून वमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृती अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरि कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । चेकलिष्टको आधारमा गाँउपालिकाको आन्तरिक नियन्त्रण व्यवस्थाको परीक्षण गर्दा निम्न बिषयमा प्रर्याप्त नियन्त्रण भएको देखिएन । कार्यालयले सो अनुरुप आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा नल्याएबाट कार्यालयको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको देखिन आयो । उक्त बिषयमा गाँउपालिकाले नियन्त्रण एवं सुधार गरी आन्तरिक नियन्त्रण प्रणलीलाई व्यवस्थित गर्नुपर्ने देखिन्छ । | |
| | • कार्य जिम्मेवारी र जवाफदेहिता स्पष्ट गरेको छैन,<br>• परियोजना र क्रियाकलापहरूको प्राथमिकता निर्धारण भएको छैन,<br>• अन्तिम चौमासिक र आषाढ महिनामा तोकिएको सीमाभन्दा बढी खर्च गरेको छ,<br>• योजना कार्यान्वयन तालिका निर्माण गरेको छैन,<br>• निर्धारित समयमा निर्माण सम्पन्न भएको छैन,<br>• बैकमार्फत सामाजिक सुरक्षा भत्ता बितरण गरको छैन,<br>• कार्यालयको भौतिक प्रगती सन्तोषजनक छैन,<br>• अनुगमन प्रतिवेदन कार्यान्वयन गरेको छैन,<br>• योजना हस्तान्तरण तथा खर्चको सार्वजनिक परीक्षण भएको छैन,<br>• राजस्वको श्रोत पहिचान गरेको छैन, | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | ● प्रशासनिक खर्चको सीमा निर्धारण गरेको छैन,<br>● राजस्व सम्वन्धी कानून निर्माण गरेको छैन,<br>● अभिलेख कायम गरिएका सबै सम्पत्तिको हकमा सङ्केतीकरण गरेको छैन,<br>● राजस्वको रसिद नियन्त्रण खाता व्यबस्थीत राखेको छैन, आदि । | |
| २.४ | **वजेट तथा कार्यक्रम तर्जुमाः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६७ मा ४ सदस्यीय वजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरि आगामी वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकिकरण, विषयक्षेत्रगत कार्यक्रम र कार्यक्रममा दोहोरोपना हुन नदिन कार्यक्रमको आपसी तादम्यता तथा परिपुरकता मिलाउने व्यवस्था छ । समितिले सो अनुरुप बजेट तथा कार्यक्रमको प्राथमिकीकरण गरेको देखिएन । | |
| २.५ | **स्थानीय तथ्यांक र अभिलेखः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ वमोजिम गाँउपालीकाले आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्याकं संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले स्थानीय तथ्यांक सम्वन्धी नीति, कानून र सोको मापदण्ड बनाएको छैन । स्थानीय तहका हरेक प्राथमिकिकरणका क्रियाकलाप संचालनमा तथ्यांकले महत्वपुर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा भुमिका अगाडि वढाउन आवश्यक छ । तथ्यांक वेगर प्राथमिकतामा राखिएका योजना, वजेट, प्रक्रिया र कार्यावन्यनले उचित सार्थकता नपाउने हुदा यस तर्फ गाँउपालीकाले अभिलेख व्यवस्थापन गर्न जरुरी छ । | |
| २.६ | **लक्ष्य प्रगतिको स्थिति :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २४ मा चौमासिक प्रगती विवरण पेश गर्ने व्यवस्था छ । कार्यालयले सञ्चालन गरेका आयोजनाको उपर्युक्त नियम बमोजिम अनुसूची-२ बमोजिमको ढाँचामा प्रगती विवरण दिएको देखिएन । | |
| २.७ | **श्रोत नक्सांकन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४को दफा ११ बमोजिम प्रत्येक गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अबस्था, प्राकृतिक श्रोत अर्न्तगत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अर्न्तगत सडक, पुल, खानेपानी लगायतको अभिलेख तयार गर्नुपर्नेमा सो तयार गरेको पाईएन । | |
| २.८ | **लेखा स्रेस्ता** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९२ मा कार्यालयको विनियोजन, राजस्व, धरौटी, जिन्सी र अन्य कारोबारको स्रेस्ता महालेखा परीक्षकको कार्यालयबाट स्वीकृत ढाँचामा राख्नुपर्ने र यसरी राखेको लेखा स्रेस्ता अद्यावधिक भए नभएको कार्यालय प्रमुखले चेकजाँच गर्नुपर्ने व्यवस्था छ । कार्यालयले स्वीकृत ढाँचामा लेखा राख्ने प्रयास गरेता पनि जिम्मेवारी यकिन नभएको, जिन्सी खाता, बैक नगदी किताब, लेजर लगायत खाता प्रमाणित नगरेको, खर्चको बिल भरपाई तेरिज बनाई जोडजम्मा गर्ने नगरेको, आम्दानी तर्फको म.ले.प.फा.नं.१०८, १०८(क) र (ख), १०९ र २३ जस्ता खाता व्यवस्थीत नराखेको, आर्थिक कार्याविधि नियमावली, २०६४ को नियम २५ अनुसार भौतिक एवं वित्तिय स्थिति देखिने गरी वार्षिक कार्यक्रको लक्ष्य प्रगती विवरण तयार नगरेको जस्ता व्यहोरा देखियो । कार्यालयको लेखा, श्रेस्ता र अभिलेख यथार्थ परक र भरपर्दो रहेको छ भन्न सकिएन । यसमा सम्वन्धित पक्षको ध्यान जानु आवश्यक छ । | |
| २.९ | **लक्षित समूह खर्च**: स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लगायतका कानून बमोजिम लक्षीत समुहको मागको आधारमा लक्षीत समुहको पूँजी निर्माण, सेवा प्रवाहमा गुणस्तरिय सुधार, क्षमता विकासको मापन गर्न सकिने ठोस कार्यक्रम र आयोजनामा रकम विनियोजन र खर्च गर्न सकिने व्यवस्था छ । कुनै प्रकारका वितरणमूखी कार्यक्रम, सभा सम्मेलन वा गोष्ठिमा खर्च गर्न नपाइने व्यवस्था भएकोमा गाँउपालीकालेयस प्रकारका कार्यक्रममा समेत खर्च गरेको देखिएकोले कानूनको परिपालना भएको देखिएन । यस्ता कार्यमा सुधार हुनु पर्दछ । | |
| २.१० | **गुणस्तर परीक्षणः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ । निर्माण लगायत सबै प्रकारको सामानको गुणस्तर परीक्षण गरेको पाइएन । | |
| २.११ | **भ्रमण अभिलेख एवं प्रतिबेदन :** भ्रमण खर्च नियमावली, २०६४ को नियम १८ (१) मा भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण समाप्त भएपछि नियमानुसार पाउने दैनिक भत्ता तथा भ्रमण खर्चको बिल भरी भ्रमण प्रतिबेदन साथ आबश्यक बिल भरपाई सम्बन्धीत कार्यालयमा पेश गर्नुपर्ने व्यवस्था छ । साथै नियम २१ मा भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण प्रारम्भ गरेपछि सम्बन्धित कार्यालयले अनुसूची-६ बमोजिमको ढाँचामा भ्रमण अभिलेख राख्नुपर्ने उल्लेख छ । गाउँपालिकाले यस आर्थिक बर्षमा भ्रमण आदेश दर्ता गर्ने गरेको देखिएन । एउटै गोश्बारा | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
| --- | --- | --- |
| | भौचरबाट अनुगमन तथा मुल्याँकन, सरुवा तथा भ्रमण भत्ता एकमुष्ट भ्रमण/अनुगमन प्रतिबेदन बेगर तेरिज तयार नगरी खर्च लेखेको छ । यसबाट अनुगमन तथा मुल्याङ्कन कायक्रम प्रभाबकारी भयो भन्ने आधार देखिएन । तसर्थ नियमाबलीमा उल्लेख भए बमोजिम भ्रमण अभिलेख तथा भ्रमण प्रतिबेदन राखेर मात्र  भ्रमण खर्च लेख्नुपर्दछ । | |
| २.१२ | **अभिलेख अद्यावधिक:**स्थानीय सरकार संन्चालन ऐन, २०७४ को दफा ९७मा गाँउपालिकाले आफ्नो क्षेत्र भित्रको सम्पत्तीको अभिलेख अद्यावधिक गरी रेखदेख, मर्मत सम्भार र अन्य प्रवन्ध गर्नुपर्ने प्रावधान रहेको छ । कार्यालयले गाँउसभावाट स्वीकृत भएका योजना तथा कार्यक्रम, संशोधित कार्यक्रम, संचालित र सम्पन्न भएका योजना तथा कार्यक्रम र अधुरा योजनाको अभिलेख अद्यावधिक गर्ने कार्य गरेको देखिन आएन । खर्च भुक्तानीको गौश्वरा भौचर र सोसंग संलग्न कागजातको आधारमा मात्र भुक्तानी दिने गरेको छ । कुन कार्यक्रम वा योजना गाँउसभावाट स्वीकृत वा संशोधन भएको हो वा होइन खुलाउन कठिनाई हुन जानुको साथै कुन काम कस्तो गुणस्तर र परिमाणमा सम्पन्न भयो वा हुन नसकी अधुरो रहन गएको छ । स्वीकृत मध्ये कुन कुन कार्यक्रम सम्पन्न हुन सकेन र सभावाट स्वीकृत नभएका कार्यक्रम संचालन गरिए वा नगरिएको सम्वन्धमा यकिन हुन सकेन । यस सम्वन्धमा सम्वन्धित निकायबाट यथार्थता यकिन गरिनु पर्दछ । | |
| २.१३ | **मर्मत सम्भार कोष :** स्थानीय सरकार संचालन ऐन,२०७४ मा गाउँपालिकाबाट संचालन हुने योजना मर्मत सम्भार गर्नको लागी मर्मत समभार कोष खडा गर्न सकिने उल्लेख रहेको छ । कार्यालयले लेखापरीक्षण अवधिसम्म मर्मत सम्भार कोष खडा गरेको देखिन आएन । | |
| २.१४ | **जनशक्ति व्यबस्थापन** :निजामती सेवा ऐन, २०४९ बमोजिम कर्मचारी पदपुर्ति र व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । गाँउपालिकामा रहने कर्मचारी दरवन्दी २१ जना (श्रेणी बिहिन बाहेक)रहेपनि पदपूर्ति  १० जना जना रहेको देखियो । १ जना अधिकृत सहित ११ पद रिक्त रहेका छन । ति मध्ये ४२ (श्रेणी विहिन ३४ जना समेत)जना करारमा राखि कार्य संचालन गरिएको छ । अनावश्यक पद भए खारेज गर्नु पर्नेमा कुनै कारवाही गरेको देखिएन । स्वीकृत दरबन्दी अनुसार पदपूर्ति हुनुपर्दछ । कार्यालयमा कायम दरबन्दीमध्ये ११(श्रेणी बिहिन बाहेक)कर्मचारीहरुको पद रिक्त रहेकोले, कार्यचाप, ढिलासुस्ती तथा कार्यमा गुणस्तरियता हुन नसक्ने र लक्ष्य अनुरुप प्रगती हासिल गर्न कठिन हुने भएकोले दरबन्दी अनुरुप पदपुर्ति गर्नेतर्फ सम्बन्धित निकायको ध्यान  जानुपर्ने देखिन्छ । | |
| २.१५ | **जिन्सी सम्पत्ती:** आर्थिक कार्यविधी नियमावली, २०६४ को परिच्छेद ६ नियम ४६ देखि ५६ सम्म सरकारी सम्पत्तिको जिम्मा, त्यसको लगत र संरक्षण, सम्पत्तीको निरीक्षण लगायत बिभिन्न व्यवस्था गरेको छ । स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद १३ मा स्थानीय तहको सम्पत्ती संरक्षण सम्वन्धी व्यवस्था छ । कार्यालयले गाँउपालिका र मातहतका विषयगत शाखा तथा वडा कार्यालयहरुमा रहेका जिन्सी मालबस्तु तथा सम्पत्तीको अभिलेख गाँउपालिकाको कार्यालयमा तोकिएको म.ले.प.फारम नं. ४७ र ५२ मा राख्नुपर्नेमा गाँउपालिका कार्यालय, वडा कार्यालयहरु र विषयगत शाखाहरुको छुट्टा छुट्टै रुपमा राख्ने गरेको देखियो । साविक गाँउ विकास समितिहरुमा रहेका जिन्सी मालबस्तु तथा सम्पत्ती गाँउपालिकाको मुख्य जिन्सी खातामा हस्तान्तरण गरेको र आम्दानी बाधेको छैन । गाँउपालिका कार्यालयको बजेटबाट खरिद गर्ने गरेका मालबस्तु तथा सम्पत्तीको सोही बमोजिम छुट्टा छुट्टै रुपमा आम्दानी बाधेको जनाएता पनि लेखापरीक्षणमा पेश हुन नआएको हुदा परीक्षण हुन सकेन । यस प्रकार रहेका जिन्सी सम्पत्तीको उचित र ठोस रुपमा संरक्षण र सदुपयोगको प्रवन्ध गरेको देखिएन । योजना तथा कार्यक्रम संचालनको लागी खरिद गरेका कतिपय जिन्सी मालबस्तु तथा सम्पत्ती जिन्सी खातामा आम्दानी बाध्ने र सम्वन्धित वडा तथा विषयगत शाखाका कर्मचारी तथा पदाधिकारीले बुझेको आधारमा खर्च घटाउने गरेको तर उक्त मालवस्तु तथा सम्पत्ती सम्वन्धित योजना तथा कार्यक्रम संचालनमा उपयोग भएको देखिन आएन । मालवस्तु तथा सम्पत्तीको अभिलेख अद्यावधिक गरी सदुपयोग र संरक्षण भएको छ भनि आश्वस्त हुन सक्ने अवस्था देखिएन । गाँउपालिकाले आफु र मातहतका विषयगत र वडा कार्यालयहरु र साविकको गा.बि.स.हरुमा रहेका मालबस्तु तथा सम्पत्तीको एकिकृत अभिलेख अद्यावधिक गराउनु पर्ने, सबै मालबस्तु तथा सम्पत्तीको एकमुष्ट रुपमा जिन्सी निरीक्षण गराइ प्रतिवेदन लिइ पूर्ण सदुपयोग र संरक्षणको प्रवन्ध गर्नु पर्ने देखिन्छ । यस सम्वन्धमा सम्वन्धित पक्षले यथाशिघ्र ध्यान दिइ सम्पत्तीको यथार्थ अवस्था यकिन गर्नुपर्ने अवस्था समेत देखियो । | |
| ३. | **अनुदान फिर्ता :** संघिय सरकार र प्रदेश सरकारबाट गाँउपालिकालाई योवर्ष प्राप्त भएको अनुदान रकम खर्च नभइ बचत हुन गएकोले फिर्ता गर्न बाकी रकम आय व्यय विबरण (संशोधित आय व्यय विबरण समेत) बाट देखियो । उक्त रकम मध्ये निम्नानुसारको रकम लेखापरीक्षण अवधिसम्म | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | पनि सम्वन्धित सरकारको राजस्व खातामा फिर्ता गरेको नदेखिएकोले फिर्ता दाखिला हुनुपर्ने रु... | ६५२२६९६ |

| विबरण | फिर्ता गर्नुपर्ने रकम | फिर्ता रकम | फिर्ता गर्न बांकी रकम |
|---|---|---|---|
| सामाजिकसुरक्षा रकम | १०६२०० | ० | १०६२०० |
| सामाजिक सुरक्षा बढी बैंक दाखिला | १०००० | ० | १०००० |
| संघिय सरकार सशर्त अनुदान | ९९०९५०।५९ | ० | ९९०९५०।५९ |
| प्रदेश सरकार समपूरक अनुदान | ५४१५५५४५ | ० | ५४१५५५४५ |
| प्रदेश सरकार शसर्त अनुदान | ४५७०२५० | ४५७०२५० | ० |
| जम्मा रु. | ११०९२९४५.५९ | ४५७०२५० | ६५२२६९५.५९ |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ४. | **संशोधित आर्थिक विवरण :** | |
| ४.१ | लेखापरीक्षण प्रारम्भिक प्रतिवेदनको दफा नं.४ मा उल्लेखित बैंक हिसाव मिलान विबरण तयार गर्नपर्ने रु.८३५३६४१.३६ को सम्वन्धमा कार्यालयबाट प्रारम्भिकप्रतिवेदनको जवाफ (प्रतिकृया) साथ बैंक हिसाव मिलान विबरण सहित संशोधित आय व्यय विबरण पेश हुन आयो । उक्त संशोधित आय व्यय विबरणमा कार्यालयले पेश गरेको शुरु आय व्यय विबरणमा उल्लेखित देहाय बमोजिमका आइटमहरुको सम्वन्धमा हिसाव मिलान बिबरण तयार नगरेको र उक्त आइटमहरु संशोधित आय व्यय विबरणमा समावेश भएको समेत नदेखिएकोले सोको हिसाव मिलान बिवरण सहित पुष्ट्याई पेश हुनुपर्ने रु... | १२४७१८२ |

| व्यय विबरण | रकम |
|---|---|
| नगद बाकी आन्तिरक आम्दानी | ७४४,५८१।०० |
| संघिय संचितकोष दाखिला | (५०२६०१) |
| जम्मा रु. | १,२४७,१८२ |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ४.२ | कार्यालयबाट प्रारम्भिक प्रतिवेदनको जवाफ (प्रतिकृया) साथ पेश भएको संशोधित आय व्यय विबरणमा देहाय बमोजिमको आम्दानी लेखाकंन गर्न छुट भएको जनाई संशोधित आय व्यय विबरणमा समावेश गरेको देखियो । तर उक्त आम्दानीको श्रेस्ता सहितको पुष्ट्याई लेखापरीक्षणको लागी पेश हुन नआएकोले पेश हुनुपर्दछ । | |

| आय विवरण | रकम |
|---|---|
| दैवी प्रकोप उद्धार विशेष कोष | २३०३२४२ |
| छुट आन्तरिक आय | १८४०८२।२३ |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ५. | **पेश्की वाँकी विवरण :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४ र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ मा पेश्की फछ्र्यौट सम्बन्धी व्यवस्था रहेको छ । कार्यालयले पेश्की सम्वन्धी अभिलेख अद्यावधिक गरेको देखिन आएन । कार्यालयले उपलब्ध गराएको पेश्की बाकीको विबरण अनुसार योवर्ष कार्यालयको फछ्र्यौट गर्न बाकी पेश्की रहेको छैन । तर परीक्षणको क्रममा कार्यालयको निम्नानुसारको बजेट तथा कार्यक्रममा देहाय अनुसार पेश्की बाकी रहेको देखियो । उक्त पेश्की बाकी रकम के वापत कसको नाउमा बाँकी रहेको हो खुल्न सकेन । यसमा यथार्थता छानविन गरी अभिलेख अद्यावधिक गर्नु पर्दछ । फछ्र्यौट गर्न बाकी रहेको पेश्की रकम नियमानुसार फछ्र्यौट हुनु पर्ने देखिएको रु | १९७५००० |

| बजेट / कार्यक्रम | बिबरण | पेश्की बाकी | कैफियत |
|---|---|---|---|
| गा.पा.पुंजीगत | बैंक नगदी किताव अनुसार | ७५००० | पेश्की दिएको रु.२५८५३०००मा फछ्र्यौट रु.२५७७८०००गरी बाकी रहेको पेश्की |
| सशर्त शिक्षा | शान्ती आदर्श मा.वि. विगु ४ | ६५०००० | शिक्षण सिकाई ICTप्रयोग |
| सशर्त शिक्षा | चित्रे मा.वि. विगु ४ | ६५०००० | विज्ञान प्रयोगशाला |
| सशर्त स्वास्थ्य | ६ वटा स्वास्थ्य केन्द्र | ६००००० | समाजिक परिक्षण |
| | जम्मा रु. | १९७५००० | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ५.१ | **उपभोक्तालाई पेश्की :** कार्यालयले उपभोक्ता समितिहरुसंग सम्झौता गरे पश्चात सम्झौता अंकको एक तिहाई रकमसम्म उपभोक्तालाइ शुरुमै पेश्की उपलव्ध गराउने गरेको छ । यसरी पेश्की उपलव्ध गराउदा कुनै जमानत लिइएको छैन साथै उपभोक्ता समितिले खरिद गर्ने निर्माण सामाग्रीको आधारमा उनीहरुको क्षमतालाई समेत विचार गरी उपलव्ध गराएको देखिएन । सबै प्रकारको सम्झौतामा शुरुमै पेश्की उपलव्ध गराउने गरेको छ । जसले गर्दा सरकारी रकमको सदुपयोग र जोखिम न्यूनिकरणमा थप चुनौती बढ्न सक्ने देखियो । यस प्रकारका कार्यमा नियन्त्रण हुनु जरुरी छ । | |
| | **पूंजीगत खर्च तर्फः** गाँउपालिकाको कार्यालयले योवर्ष पूंजीगत तर्फ देहाय बमोजिमका खर्च शिर्षकबाट | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | रु.१८६७२३१८२.१२ खर्च गरेको देखियो । जसको परीक्षण गर्दा देखिएका व्यहोरा निम्नानुसार छन् । | |

| सि.नं. | खर्च विबरण | खर्च रकम |
|---|---|---|
| १. | सघींयसरकारसमानिकरणपुजीँगतखर्च | ११२८००००० |
| २ | प्रदेशसरकारवित्तियसमानिकरणअनुदान खर्च | ७६५२००० |
| ३ | आन्तरिक आम्दानिबाट पुजिँगत खर्च | २१३३१९४३।५२ |
| ४ | सघीय सरकार राजस्व वाडफाँड पुजिँगत खर्च | १७०१७६८०।९० |
| ५ | प्रदेशसरकारराजश्ववाँडफाँडपुजिँगत | ९३६३९३७ |
| | जम्मा | १६८१६५५६१.४२ |
| ६ | प्रदेश सरकार समपूरक अनुदान | ४५८४४५५ |
| ७ | स्थानियपूर्वाधारविकाससाझेदारीकार्यक्रम | ९९०००० |
| ८ | एम्रबुलेन्सखरिदआन्तरिकआम्दानीपुजिँगत | ७८०८१५८।८६ |
| ९ | आन्तरिक आम्दानिबाट कन्टिजेन्सि खर्च | ५१७५००६।८४ |
| | कुल जम्मा | १८६७२३१८२.१२ |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ६. | **उपभोक्ता समितिबाट गराएको काम:** कार्यालयले योवर्ष गरेको पूंजीगत खर्चको अधिकांश निर्माण कार्यहरु उपभोक्ता समितिबाट गराएको छ। जसमा निम्नानुसार देखियो । | |
| ६.१ | सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ र विगु गाँउपालिकाको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन कार्यविधि,२०७४ को दफा ३ उपदफा (२), दफा ४ उपदफा (१) खण्ड (ञ) र दफा ४ को उपदफा (१) खण्ड (ट) लगायतका कानुन अनुसार उपभोक्ता समितिबाट काम गराउँदा सम्पन्न निर्माण कार्यको सञ्चालन उपभोक्ता समितिले गर्नु पर्ने, खर्चको सूचना सार्वजनिक गर्नु पर्ने, निर्माण कार्यमा डोजर, लोडर, एक्साभेटर, मेशीनहरू प्रयोग गर्न नहुने व्यवस्था छ ।लागत सहभागिताको व्यवस्था नभएको योजना उपभोक्ता समिति मार्फत संचालन गर्न नपाइने, तोकिए बमोजिम काम नगर्ने उपभोक्ता समितिलाई भुक्तानी नदिई कालो सूचीमा राखी कारवाही गर्नुपर्ने,श्रममूलक प्रविधिमा आधारित रही श्रमको उपयोग र परिचालनलाई प्राथमिकता दिनु पर्ने, मेशीनरी उपकरणको प्रयोग गरेमा कारवाही गर्नुपर्ने, उपभोक्ता समिति मार्फत सञ्चालन भएका आयोजनाको कार्यसम्पन्न भएपछि सम्वन्धित निकायले सोको रेखदेख मर्मत सम्भार गर्ने जिम्मेबारी समेत तोकी उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्ने आदि व्यवस्था छन् । कुल लागत रु.१ करोडसम्म भएको तथा स्थानीय सीप, श्रोत र साधन उपयोग हुने र स्थानीय स्तरमा कार्य सम्पन्न गर्न सक्ने आयोजनाको कार्यान्वयन उपभोक्ता समिति मार्फत गर्न सकिने, उपभोक्ता समितिले सम्झौता बमोजिम गर्नुपर्ने काम समिति आफैले गर्नु गराउनु पर्ने, अन्य कुनै निर्माण व्यवसायी वा अन्य व्यक्ति वा संस्था मार्फत गर्न गराउन नपाइने र उपभोक्ता समितिको लगत अनुसूची १ मा तोकिएको ढांचामा अद्यावधिक गराई राख्नुपर्ने उल्लेख छ ।<br>मोटर बाटो खन्ने तथा चौडा गराउने, विभिन्न भवनहरु निर्माण गर्ने लगायतका भौतिक पूर्वाधारका कार्य, कृषि, पशु, स्वास्थ्य, शिक्षा तथा जनचेतना र सशक्तिकरण लागायत सामाजिक,आर्थिक र भौतिक पुर्वाधार क्षेत्रका विभिन्न कार्यमा खर्च गर्दा अधिकाशं कार्य उपभोक्ता समिति मार्फत गराउने गरेको छ । मोटरबाटो लगायत अधिकांश कार्यहरुमा डोजर, लोडर, एक्साभेटर आदि जस्ता हेभिमेशिन प्रयोग गरी कार्य गराएको व्यहोरा खर्चका बिल भर्पाइबाट देखियो । उपभोक्ता समितिबाट बाटो खन्ने लगायतका कार्य गर्दा कतिपयको दर बिश्लेषणमा मान्छेबाट खन्ने गरी गरिएकोमा डोजर, स्काभेटर आदिवाट कार्य गर्ने गरेको समेत देखियो । यसले गर्दा दर महंगो पर्न जाने अवस्था समेत रहेको छ । धैरैजसो निर्माण कार्य उपभोक्ता वा लाभग्राही समुदाय आफुले नगरी तेश्रो पक्षबाट गराएको खर्चका बिलभर्पाईबाट देखियो । फागुन महिनासम्म जनसहभागिताको अंश शुन्य प्रतिशत राखी सोही बमोजिम कार्य गराइएको छ । तत्पश्चातका योजनामा १ देखि १० प्रतिशतको हाराहारीमा जनसहभागिताबाट कार्य गराएको देखियो । उपभोक्ता समितिबाट गरिएका अधिकांश निर्माण तथा अन्य कार्यको नापी किताव, ठेक्का विल र कार्य सम्पन्न प्रतिवेदनमा काम शुरु, सम्पन्न र फरफारक गरेको मिति र अवधि खुल्ने गरेको छैन । योजना हस्तान्तरण र सोको मर्मत सम्भारको व्यवस्था गरेको देखिन आएन । सम्वन्धित वडा तथा स्थानीय तहले यस प्रकार संचालन भएका योजनाको अभिलेख अद्यावधिक गर्ने गरेको पाइएन ।<br>जटिल प्राविधिक पक्ष समावेश भएका आयोजना उपभोक्ता समितिबाट सञ्चालन गर्ने, योजना हस्तान्तरण नहुने, योजना कार्यन्वयनमा जनसहभागिता र अपनत्व बृद्धि नगर्ने, खर्च सार्वजनिक नगर्ने जस्ता कानूनमा उल्लेख भएका प्रावधानको पालना नगरेको प्रति सम्वन्धित प्राविधिक, कार्यालय तथा | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | पदाधिकारीले समेत ध्यान दिएको देखिएन । उपभोक्ताले गर्ने जनसहभागिताको कार्यमा न्यून अंश मात्र कार्य हुने गरेको देखिएको हुदा श्रममुलक कार्यमा उपभोक्ताको तर्फबाट गरिने कार्यको अंशमा बृद्धि गरि योजनाको स्वामित्व र लागत प्रभावकारितामा बृद्धि गर्नुपर्ने देखियो । उपभोक्ता समितिबाट कार्य गराउदा कानूनको पूर्णरुपले अनुशरण र पालना गरेर मात्र गराउनु पर्दछ । | |
| ६.२ | **भुक्तानीको सिफारिस:**उपभोक्ता समिति मार्फत गरिएका कार्यको भुक्तानी गर्दा अधिकाशंमा फोटाहरु संलग्न राख्ने र उपभोक्ता समितिको सिफारिस तथा सम्वन्धित वडा अध्यक्षको सिफारिस संलग्न गरेर भुक्तानी गरेको देखियो । फोटा संलग्न गरेता पनि कार्य शुरु हुनु भन्दा पहिलेको र कार्य सम्पन्न भए पश्चातको काम स्पष्ट देखिने गरि फोटा राख्ने गरेको देखिन आएन ।सम्वन्धित वडाध्यक्षले भुक्तानीको सिफारिस गर्दा कामको स्पष्ट परिमाण, गुणस्तर, समय र लागत किटान गरी कार्य सम्पन्न भए नभएको उल्लेख गर्नुपर्नेमा अधिकाशं सिफारिसमा सो बमोजिम नगरी विनियोजित बजेट अनुरुपको कार्य सम्पन्न भएकोले भुक्तानीको लागी सिफारिस गर्दछु भन्ने भाषाको सिफारिस गर्ने गरेको देखियो । यसवाट तोकिए बमोजिमको परिमाण, गुणस्तर र लागतमा उपभोक्ता समितिबाट कार्यहरु भएको छ भन्न सकिने अवस्था देखिन आएन । | |
| ६.३ | **सार्वजनिक परीक्षण:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी,दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अर्न्तगत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ । विभिन्न सडक,सिचाई, खानेपानी तथा कृषि विकास र पशु विकास लगायत कार्यक्रको सार्वजानिक सुनवाई गरेको भएपनि सार्वजानिक सुनुवाईको ढाँचा अनुरुप गरेको पाईएन। सार्वजनिक सुनुवाईको लागी तोकिएको फारम भरेता पनि सरोकारवालाको अत्यन्त न्यून उपस्थिती रहने गरेको, आंशिक कार्यमा खर्चको सार्वजनिकीकरण भनि माइन्युटमा लेखी राख्ने गरेको, फाइलमा राख्ने प्रयोजनको लागी मात्र फारम भरेर राख्ने गरेको अवस्था बिद्यमान रहेको देखियो । सार्वजनिक सुनुवाईको विश्वसनीयता देखिदैन । कानूनको पालना गरी उत्तरदायित्व एवं पारदर्शिताको प्रवर्द्धन गर्नुपर्दछ । | |
| ६.४ | बहालवाला पदाधिकारी, राजनीतिक दलको प्रतिनिधि सरकारी कर्मचारी, शिक्षक, निर्माण व्यवसायी लगायतका व्यक्ति उपभोक्ता समितिका सदस्य हुन नपाउने, एउटै समयमा एकभन्दा बढी उपभोक्ता समितिको सदस्य हुन नपाउने आदि व्यवस्था रहेकोमाउपभोक्ता समितिको गठन गर्दा तोकिए बमोजिमको प्रकृया पुरा गरेको देखिन आएन । समितिमा रहेका पदाधिकारी तथा सदस्य उक्त पेशा, व्यवसाय वा रोजगारीमा संलग्न व्यक्ति भए नभएको यकिन हुन सकेन । एउटै स्थानमा गर्ने फरक फरक निर्माण कार्यको लागी समेत फरक फरक उपभोक्ता समिति गठन गर्ने गरेको छ । एउटै समयमा एकै व्यक्ति एक भन्दा बढी समितिमा रहे नरहेको सम्वन्धमा समेत यकिन हुने आधार देखिन आएन । यस सम्वन्धमा कार्यालयले अभिलेख अद्यावधिक गरी सुधार गर्नु पर्दछ । | |
| ६.५ | **अनुगमन समिति :**गाँउपालिका उपाध्यक्षज्यूको संयोजकत्वमा रहेको अनुगमन समितिले केही आंशिक कार्यहरुको मात्र अनुगमन गरी सिफारिस गरेको पत्र रहेता पनि कामको विवरण, सम्पन्न भएको कामको अवस्था, अनुगमन गरेको मिति, अवधि, देखिएका कमि कमजोरी र सुधारका विषय उल्लेख गर्ने गरेको देखिएन । एक रेडिमेट फर्मेटमा हस्ताक्षर गर्ने गरेको देखियो । योजनामा उल्लेखित सबै प्रकारको व्यहोरा आश्वस्त हुनेगरी समितिले सिफारिस गरे पश्चात सम्पन्न कामको भुक्तानी हुने व्यवस्था हुनुपर्ने देखिन्छ | |
| ६.६ | **उपभोक्तालाई व्यवस्थापन खर्च:**सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली २०६४ को नियम ९७ मा उपभोक्ता समिति सम्वन्धी व्यवस्था रहेको छ । उक्त कानुनमा रहेको व्यबस्था अनुसार उपभोक्ता समितिले गरेको निर्माण कार्यको भुक्तानी गर्दा निर्माण लागतमा जनसहभागिता र लागत सहभागिताको अंश कट्टा गरी भुक्तानी दिनुपर्ने र ओभरहेड लगायत अन्य कुनै प्रकारको रकम उपभोक्ता समितिलाई भुक्तानी दिन मिल्ने देखिदैन । कार्यालयले वर्षको शुरु अवधिमा कतिपय उपभोक्ता समिति मार्फत कार्य गराउदा उपभोक्ता समितिलाई व्यवस्थापन खर्च भनि देहाय बमोजिम रकम थप गरेर भुक्तानी दिएको देखियो । यसरी उपभोक्ता समितिलाई व्यवस्थापन खर्च भनि दिएको थप भुक्तानी रकम कानूनसम्मत नदेखिएको हुँदा देहाय बमोजिम असुल गरी संचित कोषमा दाखिला हुनुपर्ने रु..... | २२०१७४ |

| भौ.न./मिति | विवरण | भुक्तानी | व्यवस्थापन खर्च |
|---|---|---|---|
| २।२०७५/०६/१० | खहरे च्यानृ चीसापानी सडक उ.स. | ४७७९५१४ | ९७६०१ |
| ३।२०७५/०६/१० | लप्ची पैदल मार्ग निर्माण उ.स. १ | १८१३५३९ | ३६९५८ |
| ४।२०७५/०६/१६ | खेलीखीम साततले गोलाई सडक उ.स ४ | २४७००२२ | ५०६१५ |
| ३४।२०७५/०९/१२ | हिन्दु चिहान गोरेटो बाटो मर्मत उ.स. १ | २००००० | १०००० |
| ५२।२०७५/१०/०८ | पात्लृ सिसिकुना सडक निर्माण उ.स.७ | ७००००० | २५००० |
| | जम्मा रु. | ९९६३०७५ | २२०१७४ |

<table>
<tr><th>दफा नं.</th><th>भौ.नं., मिति र व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td>७.</td><td>सीमित प्रतिस्पर्धा: सार्वजनिक खरिद ऐन, २०६३ को दफा २४(१) मा आपसमा मिलोमतो गरी दाखिलाभएका बोलपत्र उपर कारवाही नहुने उल्लेख छ । नियमावलीको नियम ७ मा सार्वजनिक निकायले एक वर्ष भन्दा बढी अवधिसम्म संचालन हुने योजनाको खरिद गर्दा खरिदको गुरु योजना र नियम ८ मा बार्षिक रु.१० लाखभन्दा बढी रकमको खरिद गर्दा खरिद योजना तयार गरी स्वीकृत गराइ सोही बमोजिम खरिद कार्य तोकिएको खरिद बिधि अनुसार गर्नुपर्ने उल्लेख रहेको छ । कार्यालयले देहाय बमोजिम बोलपत्रको बिधिबाट निर्माण कार्य गराइ खर्च लेखेको छ । लागत अनुमान स्वीकृत भएका योजनालाई बोलपत्रको बिधिबाट निर्माण कार्य गरेको भएता पनि बिक्री भएको प्रस्ताव सबै दर्ता हुन आएको छैन । पेश भएका प्रस्तावमा प्रतिस्पर्धी तवरले प्रस्ताव दर्ता नगरी स्वीकृत लागत अनुमान भन्दा केही न्यून घटेर मात्र प्रस्ताव दर्ता गरेको देखियो । प्रस्ताव दर्ता संख्या, प्रभावग्राही प्रस्तावको संख्या र लागत अनुमानको अनुपात तुलना गर्दा प्रतिस्पर्धाको अवस्था नदेखिएकोले त्यस किसिमको अवस्था आउन नदिन विद्युतीय बोलपत्र प्रणालीलाई अवलम्वन गर्नु पर्ने देखिन्छ । यसरी गरिएको खरिद कार्य ऐन र नियमावली बमोजिम प्रतिस्पर्धी र मितव्ययी भयो भन्न सकिने अवस्था देखिन आएन । यसमा सम्वन्धित निकायबाट यथार्थता यकिन गरिनु पर्दछ ।</td><td></td></tr>
<tr><td></td><td><table>
<tr><th>सि.नं</th><th>कार्यक्रमको नाम</th><th>बोलपत्र बिक्री</th><th>बोलपत्र दाखिला</th><th>लागत अनुमान</th><th>स्वीकृत रकम</th><th>घटी प्रतिशत</th></tr>
<tr><td>१</td><td>सोरुङ खोला बेली ब्रिज</td><td>७</td><td>३</td><td>१२३९३५३।२७</td><td>१२३१७००</td><td>०।५४</td></tr>
<tr><td>२</td><td>कृषि सेवा केन्द्र भवन</td><td>१६</td><td>१</td><td>१९९४२२३५।३४</td><td>१९९३९५८३</td><td>०।०१</td></tr>
</table></td><td></td></tr>
<tr><td>८.</td><td>भवन निर्माण सिंगटी : कृषि सेवा केन्द्र भवन निर्माण कार्यको लागि निर्माण ब्यवसायी क्रिष्टल निर्माण सेवासँग कबोल अंक रु.१९९३९५८३ को ठेक्का सम्झौता मिति २०७५/०८/०६ मा भई ठेक्का अवधी ८महिना तोकिएको थियो । यो वर्ष निजलाई प्रथम देखि छैठौ रनिङ्ग विलको रु.१४८२७७५०।३१ भुक्तानी गरेको छ । जसमध्ये छैठौ रनिङ्ग विलको भुक्तानी रु.३७६४५३७।३१ हुँदा CivilworksकोE.Miscellenious worksआइटम नं.१७ मा ७९० रनिङ्ग मिटर कार्य गर्न वि.ओ.क्यु.को दर रु.४९८।७५ तोकिएकोमा रु.६०९।० का दरले भुक्तानी गरेको देखियो । प्रति रनिङ्ग मिटर रु. ११०।२५ का दरले बढी भुक्तानी हुन गएको रु.९८४२०।० (मु.अ.कर समेत) निर्माण ब्यवसायीबाट असुल हुनुपर्ने देखिएको रु.....</td><td>९८४२०</td></tr>
<tr><td>९.</td><td>जाली खरिद सम्वन्धमा : सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ उपदफा २ मा प्रतिस्पर्धा सिमित हुने गरी ठेक्का टुक्राउन नहुने उल्लेख छ । कार्यालयले देहाय बमोजिम ४२६१ थान मेशिन मेड तार जाली बोलपत्रको माध्यमबाट रु.१०४२८५०५मा खरिद गरेकोमा खरिदको एकमुष्ठ प्याकेज बनाई एउटै बोलपत्रको विधिबाट प्रतिस्पर्धा गराएर खरिद गर्नुको सट्टा २ वटा प्याकेज बनाई खरिद गरेको छ । जसले गर्दा एउटै साइज र गुणस्तरको तारजाली (ग्याविन बक्स) खरिद गर्दा फरक दर पर्न गई देहाय बमोजिम रु.३१५९७७ थप महंगो पर्न गएको छ ।</td><td></td></tr>
<tr><td></td><td><table>
<tr><th>बिक्रेता</th><th>जालिको साइज</th><th>खरिद परिणम( थान)</th><th>खरिद दर</th><th>बढी दर</th><th>मु.अ.कर समेत बढी रकम</th></tr>
<tr><td>एस.एस.आर वि अर्डर एण्ड सप्लायर्स</td><td>२*१*१</td><td>२१०० थान</td><td>२४६६।७५</td><td>-</td><td>-</td></tr>
<tr><td>"</td><td>१.५*१*१</td><td>१५०६ थान</td><td>१७९४</td><td>-</td><td>-</td></tr>
<tr><td>मानन्धर मार्केटिङ्ग अर्डर एण्ड सप्लायर्स</td><td>२*१*१</td><td>३६५ थान</td><td>२९५०</td><td>४८३।२५</td><td>१९९३१६।०</td></tr>
<tr><td>"</td><td>१.५*१*१</td><td>२९० थान</td><td>२१५०</td><td>३५६।</td><td>११६६६१</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>४२६१ थान</td><td></td><td></td><td>३१५९७७।४६</td></tr>
</table></td><td></td></tr>
<tr><td></td><td>कार्यालयको भनाई : सांसद विकास कोष अन्तरगत आ.व.को अन्त्यतिर जनताको माग बमोजिम रकम थप भएर आएबाट बोलपत्रको माध्यमबाट थप जाली खरिद गरिएको हो । टुक्रा पारेको होइन भन्ने भनाइ रहेको छ ।</td><td></td></tr>
<tr><td>१०.</td><td>१५।२०७६।०१।३१ उत्तारेपानी शौचालय तथा मैदान निर्माण कार्यको लागी उपभोक्ता समितिसँग रु.९५१९२ को जनश्रमदान सहित रु.९९५१९२ मा सम्झौता भएको छ । तर जम्मा गरेको कार्य रु.६७७२७१ भएकोमा जनश्रमदानको अंश अनुपातिक रुपमा रु. ६७७२७ कट्टी गरी भुक्तानी दिनुपर्नेमा सो नगरी सवै रु.६७७२७१भुक्तानी भएकोमा बढी भुक्तानी भएको रकम सम्वन्धित उ.स. बाट असुल गर्नुपर्ने रु..</td><td>६७७२७</td></tr>
<tr><td>१०.१</td><td>२१५।२०७६/०३/०८ वडा नं.६ स्थित स्वास्थ्य चौकी भवन मर्मत कार्यको लागी उपभोक्ता समितिसँग भएको सम्झौता, कार्य भएको नापी मुल्याङ्कन र का.स.प्रतिवेदन अनुसार जनश्रमदान रु.१८३९९।५३ समेत जम्मा रु.१८३३९५।३० बराबरको कार्य भएको देखियो । तर भुक्तानीरु.३ लाख</td><td></td></tr>
</table>

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | भएको देखिएकोले बढी भुक्तानी भएको रु.१३४९४४ सम्वन्धित उपभोक्ता समितिबाट असुल गर्नुपर्ने देखिएको रु. | १३४९४४ |
| १०.२ | २६३।२०७६/०३/२७ वडा.नं.५ अर्न्तगत चियाखेतीको लागि खाल्डो खन्ने कार्यको लागि रु.१६११८।४० जनश्रमदान समेत जम्मा रु.१६६११६।० को लागत अनुमान स्वीकृति गरी उपभोक्ता समितिसँग वडा सचिव र वडाध्यक्षले सम्झौता गरी कार्य गराएको छ । तर वडाध्यक्ष समेतले भुक्तानीको सिफारिस गर्दा र टिप्पणी सदर हुँदा रु.४१६११८ वराबरको कार्य गरेको जनाई रु.४ लाख भुक्तानी भएको देखियो । यसरी बढि भुक्तानी दिन सिफारिस गर्ने वडाध्यक्ष र वडा सचिवलाई कानून बमोजिम जिम्मेवार बनाई बढी भुक्तानी भएको रकम असुल गर्नुपर्ने देखिएको रु.... | २५०००० |
| १०.३ | २७४।२०७६/०३/२९ नर्सरी व्यवस्थापनमा खर्च भएको जनाई विभिन्न मेसिन खरिद सम्वन्धी विलहरु र काम उल्लेख नगरी भरेको डोर हाजिरी फारम संलग्न गरेको आधारमा रु.१० लाख खर्च लेखेको छ । उक्त रकमबाट के कस्ता र कति परिमाणमा के के कार्य भयो खुल्न सकेन । खरिद गरेको मेशिन तथा उपकरणको सदुपयोगको अवस्था समेत खुल्न सकेन । यसरी खर्चको विलभरपाई संलग्न राखी भुक्तानी गर्ने तर के कस्ता र कति परिमाणमा कार्य भएको हो उल्लेख नभएको सम्वन्धमा यथार्थता यकिन गर्नुपर्ने रु... | १०००००० |
| ११. | **खरिद टुक्राएको :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ उप दफा (१) मा सार्वजनिक निकायले खरिद गर्दा खरिद मुल्यको आधारमा अपनाउने खरिद बिधि र उपदफा (२) मा यो ऐन र नियमावली बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्नु हुदैन भन्ने व्यवस्था रहेको छ । दफा २४(१) मा आपसमा मिलेमतो गरी दाखिला भएका प्रस्ताव उपर कारवाही नहुने उल्लेख छ । कार्यालयले देहायबमोजिम औषधी तथा उपकरणजन्य वस्तु खरिद गर्दा खरिदको एकमुष्ठ प्याकेज बनाई बोलपत्रको माध्यमबाट प्रतिस्पर्धा गरेर खरिद कार्य गराउनु पर्नेमा सो नगरी छुट्टा छुट्टै टुक्रामा सोझै खरिद बिधिबाट खरिद कार्य गराई देहाय बमोजिम रु.३११९८९७ खर्च लेखेको छ । खरिदको एकमुष्ट प्याकेज बनाई प्रतिस्पर्धा गराउनु पर्नेमा सो बमोजिम नगरी टुक्रा गरेर गरेको कार्य उक्त ऐन बिपरित हुन गएको छ साथै खरिद कार्य मितव्ययि भयो भन्ने अवस्था देखिएन । यस सम्वन्धमा सम्वन्धित निकायको ध्यान जानुपर्ने देखियो । साथै उक्त औषधी तथा उपकरणजन्य सम्पत्तीको उचित सदुपयोगको अवस्था समेत यकिन हुन नसकेको रु.. | ३११९८९७ |

| भौ.न./मिति | बिक्रेता | रकम | औषधि प्रकार |
|---|---|---|---|
| ६२।२०७५/१०/२३ | निरीजामा मेडिको सप्लायर्स | २८९०३१ | औषधि |
| ६३।२०७५/१०/२३ | निरीजामा मेडिको सप्लायर्स | ८७०४० | औषधि |
| ६४।२०७५/१०/२३ | भण्डारी ट्रेडिङ कन्सर्न | ४९६६२३ | सर्जिकल सामाग्रि |
| ६५।२०७५/१०/२३ | निरीजामा मेडिको सप्लायर्स | ९९९६२८ | औषधि |
| ६६।२०७५/१०/२३ | विकास सर्जिकल कन्सर्न | ४९७७६५ | सर्जिकल सामाग्री |
| ८२।२०७५/१०/२३ | डि.वि.टि इन्टरप्राइजेज | ४९९८१० | सार्जिकल र औषधि |
| २१७।२०७६/०३/९ | सर्जिकल सम्वन्धी सामार औषधि | २००००० | सर्जिकल र औषधि |
| २२६।२०७६/०३/१२ | सामुदायिक स्वास्थ्य ईकाइ थामी लाई | ५०००० | औषधी |
| | जम्मा रु. | ३११९८९७ | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ११.१ | **पूँजीगत शिर्षकबाट चालु खर्चः** एकिकृत आर्थिक संकेत तथा वर्गिकरण र व्याख्या, २०७४ मा पुँजीगत शिर्षकमा विनियोजित बजेटबाट चालु खर्च गर्न नपाइने उल्लेख छ । पूजिंगत शिर्षकमा विनियोजन भएको बजेटबाट चालु प्रकृतिका खर्च गर्ने कार्य बजेटको सिद्धान्त विपरित हुन्छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ को खर्च गर्ने अख्तियारी र कार्यविधि सम्वन्धी व्यवस्थाको उपदफा (७) मा कार्यपालिकाले सभावाट स्वीकृत सीमा र शिर्षक बाहिर गई बजेट खर्च गर्न पाउने छैन भन्ने व्यवस्थाछ । दफा ११ मा गाँउपालिकाको काम, कर्तव्य र अधिकार तोकेको छ । उक्त कानूनमा वितरणमुखी कार्यक्रम भन्दा विकासात्मक गतिविधि तर्फ गाँउपालिकाको स्रोत परिचालन हुन पर्ने उल्लेख छ । कार्यालयले योवर्ष गाँउपालिका पूजिंगत शिर्षकमा विनियोजन भएको बजेटबाट देहाय बमोजिम रु.५७४२४३० उपभोग, संचालन तथा वितरण प्रकृतिका र अन्य चालु प्रकृतिका खर्चहरु गरेको देखियो । सभाले बजेट स्वीकृत गर्दा चालु प्रकृतिका खर्चहरु समेत पूजिंगत बजेट शिर्षकमा समावेश गरी बजेट स्वीकृत गरेको कार्य बजेटको सिद्धान्त र खर्च रकमको बर्गिकरण र व्याख्या विपरित हुन गएको देखियो । कतिपय खर्चहरु पूजिंगत बजेट तथा स्वीकृत कार्यक्रम भन्दा बाहिर उपभोग, संचालन तथा वितरण प्रकृतिका र अन्य चालु प्रकृतिका कार्यमा खर्च गरेको देखियो । यसबाट सभाले पारित गरेको बजेट तथा स्वीकृत कार्यक्रमको पालना समेत | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | हुन सकेको पाइएन  संचालन, उपभोग र बितरण खर्चमा तोकिए भन्दा खर्च बढ्न जाने देखियो । चालु प्रकृतिका खर्च चालु बजेट शिर्षकमा समावेश गरी खर्च लेख्नु पर्दछ । यसबाट कार्यालयलाई थप व्ययभार पारेको छैन भन्ने अवस्था नदेखिएको रु.... | ५७४२४३० |

| भौ.न./मिति | विवरण | भुक्तानी |
|---|---|---|
| १२ ।२०७५/०७/०७ | खेलकुद कार्यक्रमखर्च भुक्तानी | ३०००० |
| १९ ।२०७५/०८/१२ | ३९ बा.वि.के. पोशाक भक्ता | ७९०००० |
| ३५।२०७५/०९/१२ | विधार्थिलाई खेलकुदकार्यक्रम खर्च | २००००० |
| ४९।२०७५/१०/०६ | विधार्थिहरुलाई अत्तिरीक्त कृयाकलाप खर्च | २२९६४५ |
| ५७।२०७५/१०/१५ | खेलकुद खर्च | २७८०० |
| ७७।२०७५/११/१५ | न्यु जनेरेशन क्लव खेलकुद अनुदान | ८०००० |
| ७८।२०७५/११/१७ | वलविकास १६ वटालाई तलव | ९६००० |
| ७९।२०७५/११/१७ | विधालय शिक्षक तलब अनुदान | १०६४३५० |
| ८८।२०७५/१२/५ | व.वि.के. पोशाक भक्ता | १०००० |
| ९८।२०७५/१२/१२ | खेलकुद कार्यक्रम खर्च | २००००० |
| १२६।२०७६/०१/१७ | कक्षा ८ परिक्षा संचालन खर्च | ११७७८४ |
| १३८ ।२०७६/०१/२४ | नागरीक सम्मान कार्यक्रम | २००००० |
| १५६ ।२०७६/०२/०२ | खेलकुद प्रतियोगिता | ४५१०४१ |
| १६५ ।२०७६/०२/०६ | वडा स्तरीय खेलकुद कार्यक्रम | ३००००० |
| १७६ ।२०७६/०२/१४ | बालविकास सिकाई केन्द्र तलब अनुदान | ७८००० |
| २१०।२०७६/०३/०३ | विद्यालयलाई तलब भक्ता अनुदान | ११२०००० |
| २११।२०७६/०३/०४ | बा.वि.के. ५ तलब अनुदान | ९६००० |
| २१४।२०७६/०३/०८ | खेलकुद सामाग्री खरिद | १५०००० |
| २१८।२०७६/०३/०९ | खेलकुद कार्यक्रम खर्च | ७१८१० |
| २३२।२०७६/०३/१६ | खेलकुद कार्यक्रम  वडा स्तरीय | ३०००० |
| २४४।२०७६/०३/१९ | खेलकुद कार्यक्रम | ३०००० |
| २६९।२०७६/०२/२५ | तलब र कार्यलय सामान | २००००० |
| २८१।२०७६/०३/३० | पोशाक भक्ता विधालय अुदान | १०००० |
| २८२।२०७६/०३/३० | पोशाक भक्ता विद्यालय अनुदान | १०००० |
| २१७।२०७६/०३/०९ | नागरीक सम्मान कार्यक्रम | १५०००० |
| | जम्मा रु. | ५७४२४३० |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ११.२ | **वितरणमुखी खर्चः** एकिकृत आर्थिक संकेत तथा वर्गिकरण र व्याख्या, २०७४ मा पुँजीगत शिर्षकमा विनियोजित बजेटबाट चालु खर्च गर्न नपाइने उल्लेख छ । पूजिंगत शिर्षकमा विनियोजन भएको बजेटबाट चालु प्रकृतिका खर्च गर्ने कार्य बजेटको सिद्धान्त विपरित हुन्छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ को खर्च गर्ने अख्तियारी र कार्य विधि सम्वन्धी व्यवस्थाको उपदफा (७) मा कार्यपालिकाले सभावाट स्वीकृत सीमा र शिर्षक बाहिर गई बजेट खर्च गर्न पाउने छैन भन्ने व्यवस्था छ । दफा ११ मा गाँउपालिकाको काम, कर्तव्य र अधिकार तोकेको छ । कानुनमा वितरणमुखी कार्यक्रम भन्दा विकासात्मक गतिविधि तर्फ गाँउपालिकाको स्रोत परिचालन हुनुपर्ने उल्लेख छ । कार्यालयले योवर्ष गाँउपालिका पूजिंगत शिर्षकमा विनियोजन भएको बजेटबाट देहाय बमोजिम रु.२९०२१९० उपभोग, संचालन तथा वितरण प्रकृतिका खर्चहरु गरेको देखियो । सभाले बजेट स्वीकृत गर्दा वितरण प्रकृतिका खर्चहरु समेत पूजिंगत बजेट शिर्षकमा समावेश गरी बजेट स्वीकृत गरेको कार्य बजेटको सिद्धान्त र खर्च रकमको बर्गिकरण र व्याख्या विपरित हुन गएको देखियो । कतिपय खर्चहरु पूजिंगत बजेट तथा स्वीकृत कार्यक्रम भन्दा बाहिर उपभोग, संचालन तथा वितरण प्रकृतिका र अन्य प्रकृतिका कार्यमा खर्च गरेको देखियो । यसबाट सभाले पारित गरेको बजेट तथा स्वीकृत कार्यक्रमको पालना हुन सकेको पाइएन । संचालन, उपभोग र बितरण खर्चमा तोकिए भन्दा खर्च बढ्न जाने देखियो । वितरण प्रकृतिका खर्च बजेट शिर्षकमा समावेश गरी खर्च लेख्ने कार्यबाट कार्यालयलाई थप व्ययभार पारेको छैन भन्ने अवस्था नदेखिएको रु.... | २९०२१९० |

| भौ.न./मिति | विवरण | भुक्तानी |
|---|---|---|
| २५।२०७५/०९/०३ | विधार्थिलाई १२०० सेट ट्रयाकसुट सिलाई खरिद र वितरण | ५५६६३६ |
| ४४।२०७५/०९/२७ | विधार्थिलाई २६८० सेट ट्रयाकसुट सिलाई खरिद र वितरण | १३३१९५० |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|

| | | |
|---|---|---|
| १०४।२०७५/१२/१३ | विधार्थिलाई ६३१ सेट ट्र्याकसुट सिलाई खरिद र वितरण | ३१३६०४ |
| | जम्मा रु. | २२०२१९० |
| १९५।२०७६/०२/२७ | विद्यालयलाई खेलौना लगायत सामाग्री खरिद | १००००० |
| ४०।२०७६/०९/२४ | विधार्थिलाई झोला र स्टेशनरी सामाग्रि | २००००० |
| २१३।२०७६/०३/०८ | वडा.५ विपद व्यवस्थापनबाट किचन र गेष्ट हाउसका सामाग्री | १००००० |
| १७९।२०७६/०२/१५ | उपभेक्ता मार्फत मोवाइल झोला, छाता, सिरक, वितरण | ३००००० |
| | जम्मा रु. | २९०२१९० |

११.३ **खरिदको प्याकेज:** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ उपदफा (१) मा सार्वजनिक निकायले खरिद कार्य गर्दा खरिद मुल्यको आधारमा अपनाउने खरिद बिधिको उल्लेख गरेको छ। उपदफा (२) मा यो ऐन र नियमावली बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा पारी खरिद गर्नु हुदैन भन्ने व्यवस्था छ। नियमावलीको नियम ७ मा खरिदको गुरु योजना र नियम ८ मा बार्षिक खरिद योजना स्वीकृत गराई खरिद गर्नुपर्ने र नियम ९७ मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट काम गराउने सम्वन्धी व्यवस्थाहरु उल्लेख छन । कार्यालयले वार्षिक खरिद योजना बनाई सोही बमोजिम स्वीकृत कार्यक्रम अनुसार खरिद कार्य गर्नुपर्नेमा सो बमोजिम गरेको छैन । विभिन्न कार्यक्रम संचालनको क्रममा खरिद गरेका विभिन्न सामाग्री तथा सम्पत्तीहरु, विभिन्न किसिमका कार्यक्रमको लागी चाहिने सामाग्री आदिको खरिद कार्य गर्दा साना ठुला सबै कार्यक्रम प्रत्येकको छुट्टा छुट्टै रुपमा कार्यक्रम वाईज सोझै वा दररेट लिएर खरिद गर्ने गरेको छ। वार्षिक खरिद योजना अनुसार सबै प्रकारका मालवस्तु तथा सम्पत्तीको एकमुष्ट प्याकेज बनाएर सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ ले तोकेको खरिद विधि र प्रकृया पुरा गरी प्रतिस्पर्धाको माध्यमबाट खरिद गर्ने व्यवस्था मिलाउनु पर्नेमा सो बमोजिम
नगरी साना ठुला सवै कार्यक्रम वाइज छुट्टा छुट्टै रुपमा खरिद गरिएको छ । एउटै सामाग्री कार्यक्रम वाइज पटक पटक खरिद गर्नु परेको, एउटै सामाग्रीको मूल्य फरक पर्ने गरेको, एउटै सामग्री फरक फरक बिक्रेताबाट एउटै वा फरक मितिमा खरिद गर्ने गरिएको अवस्था बिद्यमान रहेको देखियो । वर्ष भरिमा कुन कुन मालवस्तु के कति परिमाणमा के कति मूल्यको खरिद भयो एकमुष्ट अभिलेख अद्यावधिक नगरेबाट यकिन गर्न सकिएन । यसरी खरिद गरेका कतिपय सामाग्रीको उपयोग र काम गरेको यथेष्ठ आधार र प्रमाण श्रेस्तासाथ संलग्न गरेको पाइएन । यसवाट खरिद कार्य व्यवस्थित, कानूनसम्मत, मितव्ययी र प्रतिस्पर्धी भइ पूर्णरुपमा सदुपयोग भयो भन्न सकिने अवस्था देखिएन । यसमा कार्यालयलाई थप व्ययभार पारे नपारेको सम्वन्धमा यकिन गरी कानून बमोजिम सुधार गरिनु आवश्यक छ। यसका केहि उदाहरण निम्नानुसार रहेका छन् ।

| भै.न./मिति | विवरण | भुक्तानी | कैफियत |
|---|---|---|---|
| १० ।२०७५/०६/२६ | फर्निचर खरिद | ४७११० | सोझै |
| ११ ।२०७५/०६/२६ | फर्निचर खरिद | ७८५३५ | सोझै |
| १७ ।२०७५/०८/०३ | मेशिनरी औजार | १७१६० | सोझै |
| ७५।२०७५/११/१४ | फर्निचर विभिन्न | १८०६८७ | सोझै |
| ९५।२०७५/१२/११ | फर्निचर विद्यालयको लागि | १००००० | उ.स.मार्फत सोझै |
| १०० ।२०७५/१२/१३ | फर्निचर कार्यालयको लागि | ९९९८२ | सोझै |
| १०१ ।२०७५/१२/१३ | डेल डेक्सटप कम्प्युटर ५ सेट | ४९७२०० | ३ वटा दररेट |
| १०२ ।२०७५/१२/१३ | ल्यापटप ४ सेट | ४६१०४० | ३ वटा दररेट |
| १०३ ।२०७५/१२/१३ | प्रिन्टर ४ सेट | २९६०६० | ३ वटा दररेट |
| ११३ ।२०७६/०१/१० | फर्निचर सामुदायिक भवन | २००००० | उ.स मार्फत |
| १२९ ।२०७६/०१/१७ | फर्निचर वडा. नं. ५ लाइ | १००००० | उ.स.मार्फत |
| १४२ ।२०७६/०१/२५ | सिलपोलीन प्लास्टिक १०० पिस | ३९९४५५ | ३ वटा दररेट |
| १४३ ।२०७६/०१/१५ | फर्निचर खरिद | १३४९०४ | सोझै, ३ नं. वडा कार्यालयबाट, |
| १५४ ।२०७६/०२/०२ | फर्निचर खरिद | ९०४०० | सोझै |
| १६० ।२०७६/०२/०६ | सिलपोलीन प्लास्टिक २२ पिस | ९०२२७६ | सोझै, वितरण मात्र |
| २०९।२०७६/०३/०३ | फर्निचर र फ्रीज खरिद | १००००० | सोझै |
| २१६।२०७६/०३/०८ | फर्निचर खरिद | १३४९०४ | सोझै |
| २२८।२०७६/०३/१३ | फर्निचर खरिद | ५४२४० | सोझै |
| २४३।२०७६/०३/१९ | फर्निचर खरिद | ५६५०० | सोझै |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|

| | | | |
|---|---|---|---|
| २४७।२०७६/०३/२२ | युवा क्लव फनिचर खरिद | १००००० | क्लब मार्फत खरिद |
| २५६।२०७६/०३/२२ | विपतका सामाग्रि खरिद | ८९७८५ | सोझै, ३ नं. वडा कार्यालयबाट |
| २६०।२०७६/०३/२७ | स्टेशनरी, कम्मल विभिन्न सामान खरिद वडा ६ ले | २००००० | वडाले सोझै खरिद |
| २६७।२०७६/०३/२५ | कम्मल खरिद र वितरण | ५०००० | वडाले सोझै खरिद |
| २७१।२०७६/०३/२७ | र्फर्निचर खरिद | ८५८८० | सोझै |
| कन्टिजेन्सी तर्फ | | | |
| २७।२०७६/०१/०३ | विभिन्न साइजका पाइप खरिद ६३०० मि. | ४९८७६६ | सोझैदररेट, खरिद मात्र |
| २८।२०७६/०१/१२ | विभिन्न साइजका पाइप खरिद ८८०० मि. | ४१०४५६ | सोझैदररेट, खरिद मात्र |
| | जम्मा रु. | ५३८५३४० | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| १२. | **खरिद टुक्रा पारेको :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ उपदफा (१) मा सार्वजनिक निकायले खरिद कार्य गर्दा खरिद मुल्यको आधारमा अपनाउने खरिद बिधिको उल्लेख छ। उपदफा (२) मा यो ऐन र नियमावली बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा पारी खरिद गर्नु हुदैन भन्ने व्यवस्था छ। नियमावलीको नियम ७ मा खरिदको गुरु योजना र नियम ८ मा बार्षिक खरिद योजना स्वीकृत गराई खरिद गर्नुपर्ने र नियम ९७ मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट काम गराउने सम्वन्धी व्यवस्था उल्लेख छन। कार्यालयले सडक मर्मत तथा सफा गर्ने कार्यको लागी एकमुष्ठ लागत अनुमान तयार गरी बोलपत्रको माध्यमबाट कार्य गराउनु पर्नेमा सो नगरी छुट्टाछुट्टै रुपमा कार्य गराएको छ। कार्यालयमा १ थान व्याकहो लोडर र १ थान स्काभेटर रहेकोमा सोबाट कार्य नगराई सोझै ठेक्का दिइ कार्यहरु गराएको देखियो। यसरी टुक्रा पारी विना प्रतिस्पर्धा कानून विपरित गराएको कार्यलाई नियम सम्मत भन्न नमिल्ने रु.. | ४१८६७७५ |

| गो.भ.न/मिति | विवरण | नि.ब्यावसायि | भुक्तानी | सम्झौता |
|---|---|---|---|---|
| ५/२०७५/०६/१७ | सिंगटी लादुक सडक | त्रिवेणी विल्डर्स | ७२९२९७ | २०७५/६/५ |
| ९/२०७५/०६/२५ | लप्ची गाँउ सडकमा खोला फर्काउने कार्य | फ्याफुल्ला कन्ट्रक्सन | ३४२०२८ | २०७५/६/५ |
| १३/२०७५/०७/२५ | साङ्वा आलम्पु सडक सफाई | त्रिवेणी विल्डर्स | ८५२७४२ | २०७५/६/१२ |
| १४/२०७५/०७/१५ | चिलंखा कोथली सडक सफाई | चक्रेश्वर विल्डर्स | १०८१७०३ | २०७५/६/५ |
| ४३/२०७५/०९/२७ | विगु वसपार्क-छोइनाङ्ग-किङ्गसाङ्ग सडक | मूनाल कन्ट्रक्सन | ३३२६७२ | २०७५/६/५ |
| **कन्टिजेन्सी बजेट तर्फ** | | | | |
| २०/२०७५/०८/१२ | सिँगटी/सोझाङ खोला-खोपाचांगु-विगु सडक मर्मत | मुनाल कन्ट्रक्सन | ८४८३३३ | २०७५/६/५ |
| | | जम्मा रु. | ४१८६७७५ | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| १३. | **कन्टिन्जेन्सी खर्च:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) संग सम्वन्धित अनुसूची१ मा निर्माण कार्यको लागतमा २ प्रतिशत वर्क चार्ज स्टाफ खर्च र २ प्रतिशत सानातिना अन्य खर्च समेत कन्टिन्जेन्सी स्वरुप ४ प्रतिशत समावेश गर्न सकिने व्यवस्था छ। नेपाल सरकार, अर्थ मन्त्रालयको च.नं.९६२, मिति २०७०।०१।२४ को पत्र अनुसार कार्यालय, आयोजनाले खर्च गर्ने कन्टिन्जेन्सी खर्च मध्ये २ प्रतिशत पूंजीगत प्रकृतिको कार्यमा खर्च गर्नुपर्ने उल्लेख छ। स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ को दफा १४ मा आयोजना व्यवस्थापन सेवा (कन्टेन्जेन्सी) खर्चसम्बन्धी विविध व्यवस्था रहेको छ। कार्यालयले पुंजिगत खर्चमा ५ प्रतिशतका दरले कन्टिन्जेन्सी खर्च छुट्याएको मध्येबाट कन्टिन्जेन्सी खर्च लेख्दै आएको छ। यसरी खर्च लेखेको कन्टिन्जेन्सी रकमको योजना तथा कार्यक्रमगत अभिलेख अद्यावधिक गरेको पाइएन। लेखापरीक्षणको क्रममा उपलव्ध गराइएको विवरण अनुसार योवर्ष रु.५१७५००७ कटिन्जेन्सी खर्च लेखेको छ। जसको परीक्षण गर्दा निम्नानुसार देखियो। | |
| १३.१ | कार्यालयले कन्टिन्जेन्सीबाट इन्धन, मर्मत, कार्यालय सम्वन्धी खर्च, दैनिक ज्यालादारी, भ्रमण, बिज्ञापन तथा सुचना, बिबिध र अन्य आदिमा खर्च लेखेको छ। निर्माण कार्यको योजना पिच्छे प्रत्येक बर्षको छुट्टा छुट्टै कन्टीन्जेन्सी खाता राख्नुपर्नेमा सो बमोजिम छुट्टै खाता र अभिलेख राखेको पाइएन। खर्च लागत अनुमानको ५ प्रतिशतभित्र रहे पनि स्टाफ खर्च र अन्य खर्च अन्तरगत के कस्ता शीर्षकमा खर्च गर्न मिल्ने हो वर्गीकरण गरी राखेको पाइएन। नियमावलीमा कन्टिन्जेन्सी खर्चलाई लागत अनुमानसंग आवद्ध गरेकोले प्रत्येक वर्षको योजना तथा कार्यक्रम र ठेक्का पिच्छे कन्टिन्जेन्सी खर्चको अभिलेख राख्नुपर्नेमा सो नगरी बजेट खर्चको आधारमा खर्च गरेको पाइयो। जुन | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | योजना तथा कार्यक्रमको लागि कन्टिन्जेन्सी खर्च भएको हो सोही योजना तथा कार्यक्रमसंग आवद्ध गरी शुरुदेखि अन्त्यसम्मको खर्चको अभिलेख राख्नु पर्दछ । कन्टिन्जेन्सी खर्च गर्दा स्पष्ट कार्यबिधि बनाई खर्च गरिनु पर्दछ । | |
| १३.२ | प्रशासनिक कार्य गर्नको लागि चालुखर्च शिर्षकमा अलग्गै बजेट व्यवस्था भएकोमा निर्माणसंग सम्बन्धित कार्यमा खर्च गर्नुपर्ने कन्टिन्जेन्सीबाट सबै किसिमको प्रशासनिक कार्यमा खर्च भएको देखिएकोले नियमित बजेट विनियोजन हुने प्रशासनिक कार्यमा योजनाको लागतमा समाबेश हुने गरी कन्टिन्जेन्सीबाट खर्च गर्नु कानून सम्मत देखिएन । उक्त कार्य म.ले.नि.का.को खर्च संकेत बर्गिकरण र व्याख्या बिपरीत समेत देखियो | |
| | **आन्तरिक आयतर्फ :** | |
| १४. | आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ अनुसार आम्दानी खर्च पुष्टि हुने गरि प्रमाण राख्नुपर्ने व्यवस्था छ । कार्यालयले योवर्ष आन्तरिक आम्दानी रु.७७०१०६६/६० गरेको बिवरण प्राप्त भएको छ । गाँउपालिका कार्यालय र ८ वटा वडा कार्यालयले गाँउपालिकाबाट प्राप्त रसिद प्याड थान, आम्दानीमा प्रयोग भएका रसिद र बाकी रहेका रसिदको अभिलेख अद्यावधिक गरेको छैन । तोकिएका म.ले.प.फारम नं. १०८, १०८(क) र (ख), १०९ र २३ लगायत निम्नानुसारका अभिलेखहरु व्यवस्थित राखेको नदेखिदा गाँउपालिका र वडा कार्यालयबाट भएको आम्दानी यकिन गर्न सकिएन । यसमा यथार्थता छानविन गरीनु पर्दछ । | |
| | • आन्तरिक आयमा प्रयोग हुने रसिदको छपाई, आम्दानी, खर्च र बांकीको अभिलेख देखिने रसिद नियन्त्रण खाता व्यवस्थित नरहेको,<br>• गत आ.व.मा छपाई भएका नगदी रसिद समेत प्रयोगमा आएको पाइएको तर अ.ल्या. र बाकी समेत देखिने अभिलेख अद्यावधिक नगरेको,<br>• वडामा पठाएको रसिद र हाल रसिदको अवस्थाको अभिलेख अद्यावधिक नभएको, | |
| १४.१ | आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १३ को उपदफा १ मा जिम्मेवार व्यक्तिले आफ्नो जिम्मा आएको सरकारी नगदको हकमा सोही दिन वा भोलीपल्ट यथास्थानमा दाखिला गरि स्रेस्ता खडा गर्नुपर्ने र उदफा ५ मा दाखिला गर्नुपर्ने नगदी रकम बैक र कार्यलय बीचको दुरी समेतलाई विचार गरी महालेखा नियन्त्रक कार्यालयले नगद दाखिला गर्न थप म्याद तोकिदिन सक्नेछ भन्ने व्यवस्था भएकोमा गाँउपालिका र अन्तरगतका वडा कार्यालयले ऐनमा उल्लेख भए बमोजिमको समायावधिमा बैक दाखिला नगरी ढिलो दाखिला गर्ने गरेको देखियो । आम्दानी भएको रकम तोकिएको समयमा दाखिला गर्ने तर्फ सम्वन्धित पक्षले ध्यान दिनुपर्ने देखिन्छ । | |
| | **आन्तरिक आम्दानीको खर्च तर्फ** | |
| १५. | **कर दाखिला :** गाउँपालिकाले आन्तरिक आम्दानीबाट गरेको खर्च मध्ये बिभिन्न भौचरवाट कट्टी गरेको कर रु.७१३०९ आयकर ऐन, २०५८ को दफा ९० ले तोकेको समयमै सम्बन्धित राजस्व शीर्षकमा जम्मा गर्नु पर्नेमा गरेको नदेखिएकोले सम्बन्धित शीर्षकमा दाखिला गरेको भौचर पेश हुनु पर्ने रु.. | ७१३०९ |
| १५.१ | **धरौटी दाखिला :** गाउँपालिकाले आन्तरिक आम्दानीबाट खोप केन्द्र निर्माण कार्य गरे वापत ओम गुम्बेसी निर्माण सेवा प्रा.लि.बाट कट्टी गरेको धरौटी रु.१९८०१ धरौटी खातामा आम्दानी बाँधेको नदेखिएकोले आम्दानी बाँधी सोको प्रमाण पेश हुनुपर्ने रु. | १९८०१ |
| | **संघीय सरकार राजस्व बाँडफाँडचालुतर्फ :** | |
| १६. | **तलवी प्रतिबेदन :**निजामती सेवा ऐन, २०४९ को दफा ७ (ख) २ अनुसार जिल्ला स्थित कार्यालयले सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट तलवी प्रतिवेदन पारित गराएर मात्र तलव र ग्रेड रकम भुक्तानी दिनुपर्ने व्यवस्था छ । बिगु गाउँपालिकाले यस आर्थिक बर्षमा कर्मचारीको तलबमा रु.३७८४८७६।२९ खर्च लेखेकोमा तलवी प्रतिबेदन पारित गरेको देखिएन जसले गर्दा कर्मचारीको ग्रेड सम्बन्धमा यकिन हुन सकेन । अतः ऐनको व्यबस्था अनुरुप तलवी प्रतिबेदन पारित गरेर खर्च लेख्नु पर्ने देखिन्छ । | |
| १६.१ | **बैठक भत्ता:**स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ मिति २०७५/०१/२० मा प्रमाणीकरण भएकोमा सो ऐनको दफा ३ ले स्थानीय तहका पदाधिकारीले आफू निर्वाचित भई काम कारबाही शुरु गरेको मिति देखि मासिक सुविधा पाउने व्यवस्था गरेको र सोही ऐनको दफा ४ ले पदाधिकारी र कर्मचारी बाहेकका सदस्य र सभाका सदस्यले न्यायिक समिति वा कुनै समितिको बैठकमा भाग लिए वापत अनुसूची १ मा उल्लेख भए बमोजिमको बैठक भत्ताको रकम पाउने व्यबस्था छ । अनुसूची १ मा इजलाशको बैठक, विधायन समिति, लेखा समिति र | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | सुशासन समितिका सदस्यलाई मात्र बढीमा १२ वटा बैठकको लागि रु.५०० का दरले बैठक भत्ता तोकेकोमा बिगु गाउँपालिकाले तपशील बमोजिमको बैठक भत्ता प्रति व्यक्ति रु.१५०० का दरले निम्नानुसार रु.७२४५०० भुक्तानी गरेकोले भुक्तानी गर्ने आधार नदेखिएको रु.. | ७२४५०० |

| भौ.नं मिति | सहभागी संख्या | भुक्तानी | कैफियत |
|---|---|---|---|
| १/०७५.०६.०२ | १६ जना | २४००० | कार्यपालिका का सदस्य |
| ११/०७५.०६.०९ | १७ जना | २५५०० | कार्यपालिका का सदस्य |
| ५१/०७५.०८.०३ | ७ जना | ७४४०० | वडा नं ८ |
| ५२/०७५.०८.०३ | ६ जना | ७२००० | वडा नं ६ |
| ५३/०७५.०८.०५ | ६ जना | ६४८०० | वडा नं |
| ५७/०७५.०८.१२ | १५ जना | ३०९०० | कार्यपालिका का सदस्य |
| ७७/०७५.०९.११ | ६ जना | ७२००० | वडा नं २ |
| ७८/०७५.०९.१२ | ६ जना | ९०००० | वडा नं १ |
| ८०/०७५.०९.१३ | ६ जना | ७२००० | वडा नं ५ |
| १६९/०७५.१२.१३ | नखुल्ने | ८७००० | गाँउ सभा संचालन खर्च |
| १९८/०७६.०१.२४ | नखुल्ने | २०४०० | वडा नं १ |
| ३१५/०७६.०३.२३ | ३६ जना | ९१५०० | गाँउ सभा संचालन खर्च |
| | **जम्मा रु.** | **७२४५००** | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| १६.२ | **बढी खर्च :** गाउँपालिकाले भौ नं ४ मिति २०७५।०६।०४ बाट अन्य सेवा शुल्कमा रु.३३५६८० खर्च लेखेकोमा वडा नं ४ का कार्यालय सहयोगी डवल बहादुर तामाङको श्रावण तथा भाद्रको तलब रु.१२००० का दरले रु.२४००० भुक्तानी हुनुपर्नेमा रु.३५६४० भुक्तानी भएको देखिएकोले बढी भुत्तानी भएको रु.११६४० मा कर रु.३५६ कट्टी गरी रु.११२८४ असूल हुनु पर्ने रु.. | ११२८४ |
| १६.३ | २२४.२०७६.०२.०१ सार्बजनिक खरिद नियमाबली, २०६४ को नियम ८५ (४) अनुसार सार्वजनिक निकायले एक लाख रुपैयाँ भन्दा बढी रकमको सोझै खरिद गर्दा मौजुदा सूचीमा रहेका कम्तीमा तीनवटा आपूर्तिकर्ता, निर्माण व्यवसायी, परामर्शदाता वा सेवाप्रदायकबाट लिखितरुपमा दरभाउपत्र वा प्रस्ताव माग गरी खरिद गर्नु पर्ने व्यबस्था छ। गाउँपालिकाले मेशिनरी औजार खर्च शीर्षकमा गाडी मर्मत गरी रु.२०२४६०इलाईट अटोमेशन प्रा.लि,गौशाला काठमाण्डौलाई भुक्तानी गरेकोमा सो नियमावलीमा भएको व्यबस्था अनुसारको प्रकिया अबलम्वन गरेको देखिएन । अत:ऐन नियमको परिपालना हुनु पर्दछ। | |
| १६.४ | **बढी भुक्तानी :** २१८।२०७६।०२।०१ आर्थिक कार्यबिधि नियमाबली, २०६४ को नियम ३६(३) अनुसार खर्च गर्दा खर्चका बील भरपाई सहितको लेखा राख्नु पर्ने व्यबस्था छ । गाउँपालिकाले सूचना प्रकाशन खर्च शीर्षक (२२३१५) मा ग्रान्ड मिडिया हाउस प्रा.लि लाई २०७५।१२।१५ मा नेपाल समाचार पत्र दैनिकमा शिलबन्दी बोलपत्रको सूचना प्रकाशन गरे वापत भुक्तानी दिंदा ४×२५.५mm को रु.१४०० का दरले १५ प्रतिशत छुट समाबेश गरी मू.अ.कर १३ प्रतिशत थप गरी रु.१३७१५९ भुक्तानी दिनु पर्नेमा रु.१५५९८५ भुक्तानी दिएको देखिएकोले बढी भुक्तानी भएको रु.१८८२५। असूल हुन पर्ने रु.. | १८८२५ |
| | **प्रदेश शसर्त अनुदान तर्फः** | |
| १७ | गाउँपालिकालाई यस बर्ष प्रदेश सरकार शसर्त अनुदान तर्फ रु.१२२२८००० निकासा भएकोमा चालु खर्च रु.७७७५००० र पूँजीगत खर्च रु.८६८०२५० भई बचत रहेको रु.४५७०२५० प्रदेशमा फिर्ता पठाएको छ। जसको लेखापरीक्षण गर्दा देखिएका व्यहोराहरु निम्न छन् : | |
| १७.१ | **बील भरपाई :**२/२०७५/१२/०३ आर्थिक कार्यबिधि नियमाबली, २०६४ को नियम ३६(३) अनुसार खर्च गर्दा खर्चका बील भरपाई सहितको लेखा राख्नु पर्ने व्यबस्था रहेको छ। नियमावलीको नियम ३६ (८) मा रकमको भुक्तानी दिँदा रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ। गाउँपालिकाले प्रदेश सरकार शसर्त चालु तर्फको स्वास्थ्य संस्थाको सुशासन अभिबृद्धि तथा सुदृढीकरण कार्यक्रम अर्न्तगत ओराङ स्वास्थ्य चौकीका हे.अ. सुदन पाण्डेले रु.५०००० भुक्तानी लिएकोमा रु.४१७२० को मात्र बील भरपाई संलग्न रहेकोले बील भरपाई भन्दा बढी खर्च लेखेको रु.८२६६ असूल हुनु पर्ने रु.. | ८२६६ |
| १७.२ | स्थानीय तहबाट संचालन गरिने सशर्त अनुदान कार्यक्रमको कार्य संचालन मार्गदर्शन, २०७५।७६ अनुसार स्थानीय तहमा भएका स्वास्थ्य संस्थाको सुशासन अभिबृद्धि तथा सुदृढीकरण कार्यक्रम चालु तर्फबाट लामाबगर स्वास्थ्य चौकीका इन्चार्ज रामनरेश यादब ले रु.५०००० भुक्तानी लिएकोमा | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | कार्य संचालन मार्गदर्शन बमोजिमको कार्यक्रम भन्दा स्वास्थ्य संस्था संचालन तथा व्यबस्थापन समितिबाट स्वीकृती नलिई फरक कार्यक्रममा व्याग ५ पिस, छाता ५ पिस र रेनकोट १ पीस खरिद बापतको रु.३४८६० खर्चका प्रमाण संलग्न गरेकोले कार्यक्रम भन्दा फरक खर्च अनियमित देखिएको रु... | ३४८६० |
| १७.३ | बुलुङ स्वास्थ्य चौकीका इन्चार्ज शान्ती सुबेदीले रु.५०००० भुक्तानी लिएको देखिएकोमा सिमेन्ट बालुवा लगायतका सामग्री तथा कामदारको डोर हजिरी रु.२९८०० को बील पेश गरेकोले कार्यक्रम भन्दा फरक खर्च अनियमित देखिएको रु... | २९८०० |
| १७.४ | चिलंखा स्वास्थ्य चौकीका इन्चार्ज टेक बहादुर राउतले रु.५०००० भुक्तानी लिएको देखिएकोमा निर्मल सप्लायर्स चरिकोटबाट रु.२४००० को झोला ६ थान, छाता ६ थान र सिंगटी स्टोरबाट ग्याँस सेट रु.७५०० समेत रु.३१५०० कार्यक्रम भन्दा फरक खर्च अनियमित देखिएको रु... | ३१५०० |
| १७.५ | स्थानीय तहबाट संचालन गरिने सशर्त अनुदान कार्यक्रमको कार्य संचालन मार्गदर्शन, २०७५।७६ अनुसार स्थानीय तहमा भएका स्वास्थ्य संस्थाको सुशासन अभिबृद्धि तथा सुदृढीकरण कार्यक्रम पूँजीगत तर्फबाट निम्नानुसारका स्वास्थ्य चौकीका इन्चार्जले प्रति व्यक्ति रु.५०००० का दरले भुक्तानी लिएकोमा निर्देशिका भन्दा फरक कार्यक्रम गरी निम्नानुसारको बील पेश गरेकोले कार्यक्रम भन्दा फरक खर्च अनियमित देखिएको रु... | ७१७७८ |

| स्वास्थ्य संस्था | भुक्तानी | खर्च लेखेको शीर्षक | असम्बन्धित भुक्तानी |
|---|---|---|---|
| आलम्पु स्वास्थ्य चौकी | ५०००० | छाता ६ पिस व्याग ६ पिस | १७७५० |
| लादुका स्वास्थ्य चौकी | ५०००० | डोर हाजिरी | २३३०० |
| बुलुङ स्वास्थ्य चौकी | ५०००० | पाइप खरिद तथा डोर हाजिरी | ३०७२८ |
| | | जम्मा रु. | ७१७७८ |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| १७.६ | **बढी भुक्तानी :**सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(३) क बमोजिम निर्माण कार्य वा सेवाको प्रकृति परिमाण सहितको लागत अनुमान, उपभोक्ता समिति वा लाभग्राही समुदायले व्यहोर्नुपर्ने उल्लेख गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाको वडा नं मा टासिछिमे गाछल गुम्वा व्यबस्थापन समितिलाई गुम्वा निर्माण कार्यका लागि गाउँपालिकाले रु.२९१०००० र उपभोक्ताको जनश्रमदान रु.३२९३६२ समेत रु.३२३९३६२को कार्य गर्नेगरी मिति २०७५।१०।२५ मा सम्झौता गरी कार्य गराएको छ । तर गुम्बा निर्माणको कार्य २०७६।०३।२० मा सम्पन्न गरी भुक्तानी दिंदा सम्झौता बमोजिम रु.२९१०००० भुक्तानी दिनुपर्नेमा रु.३०००००० दिएकोले बढी भुक्तानी रकम असुल गर्नुपर्ने रु... | ९०००० |
| १७.७ | **कर विजक**: ६।२०७६।०३।३० मूल्य अभिबृद्धि कर नियमावली, २०५३ को नियम १७ (१) अनुसार दर्ता भएको व्यक्तिले कुनै वस्तु वा सेवा आपूर्ति गर्दा कर अधिकृतले अन्यथा स्वीकृत गरेदेखि बाहेक प्रापकलाई अनुसूची-५ र ५क. बमोजिमको ढाँचामा कर विजक दिनु पर्ने व्यवस्था छ । गाउँपालिकाले Master Mind Engineering Counsultancy लाई खानेपानी आयोजनाको सर्भे स्टमेट तथा ड्ईङ डिजाइन कार्य गरे बापत मूल्य अभिवृद्धि कर सहित रु.४८०२५० भुक्तानी भएकोमा कन्सल्टेन्सीले मिति २०७६।०३।२४ मा जारी गरेको बिजकमा बीजक नं हातले लेखेको पेश गरेकोले उक्त विलमा भुक्तानी भएको रु.५५२५० मूल्य अभिबृद्धि करको कर समायोजन पत्र पेश हुनुपर्ने रु.. | ५५२५० |
| १७.८ | **दाखिला बाँकी :** गाउँपालिकाले प्रदेश सरकार शसर्त अनुदान तर्फ खर्च हुँदा कट्टी गरेको निम्नानुसारका रकम बैंक दाखिला हुन बाँकी देखिएकोले दाखिला गर्नुपर्ने रु. | २७१७५६ |

| शीर्षक | कट्टी रकम | कैफियत |
|---|---|---|
| आयकर कट्टी | २११३१ | बिभिन्न गोश्वारा भौचरको |
| सामाजीक सूरक्षा कर | २३५१४ | |
| मू.अ.कर कट्टी रकम | २२७१११ | |
| **जम्मा रु.** | **२७१७५६/-** | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| १७.९ | सार्बजनिक खरिद नियमाबली,२०६४ को नियम ९७ अनुसार उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित निर्माण कार्यमा लोडर, एक्साभेटर, रोलर, डोजर, ग्रेडर विटुमिन डिस्ट्रीव्युटर, विटुमिन ब्वाइलर जस्ता हेभी मेशीनहरु प्रयोग गर्न सकिने छैन । तर लागत अनुमान तयार गर्दाको समयका हेभी मेशीन प्रयोग गर्नु पर्ने जटिल प्रकृतिको कार्य भनीउल्लेख भएकोमा सम्बन्धित प्राविधिकको सिफारिसमा सार्वजनिक निकायबाट सहमती लिई मेशीन प्रयोग गर्न सकिने व्यबस्था रहेकोमा गाँउपालिकाले खोलिखिम खेल मैदान व्यस्थापन समितिलाई निर्माण कार्यको भुक्तानी गर्दा जन्मभूमी कन्सट्क्सन प्रा.लि.लाई रु.२२९६००लोडर तथा एक्साभेटर प्रयोग गरेको भुक्तानी गरेको | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | छ । तर प्राविधिकको सिफारिस र गाउँपलिकाबाट सहमती लिएको देखिएन । अतः नियमाबलीमा भएको व्यबस्थाको परिपालना गर्नु पर्ने देखिन्छ । | |
| | **दैबि प्रकोप उद्धार कोषतर्फ** | |
| १८. | **नाँपजाँच :** सार्बजनिक खरिद नियमाबली,२०६४ अनुसार निर्माण कार्यको प्राबिधिक मूल्यांकनका आधारमा भएको कामको भुक्तानी हुनुपर्ने व्यबस्था छ ।गाँउपालिकाले विपद व्यबस्थापन बजेट खर्च शीर्षकमा भौ नं १ मिति २०७५।०६।१६ बाट दैबी प्रकोप उद्धार कोष खर्च शीर्षकमा सामान खरिद गरी गौरीशंकर हार्डवयर सेन्टर, चरिकोटलाई रु.६९६७५८ भुक्तानी गरेकोमा नियमाबलीमा भएको व्यबस्था बमोजिम खरिद भएका निम्नानुसारका निर्माण सामाग्रीको प्राबिधिक नापजाँच गरी गुणस्तर परीक्षण भएको नदेखिएकोले प्राबिधिक मूल्यांकन र प्रयोग भएको पाईपको (लेइङ तथा ज्वईन्टिङ) जडान भएको प्रमाण पेश हुनु पर्ने रु.. | ६९६७५८ |

| खरिद बिबरण | परिमाण | ईकाइ दर (मू.अ.कर समेत) | भुक्तानी रकम |
|---|---|---|---|
| २०० mm H.D.P.E पाइप | १५० मी | २९३८ | ४४०७०० |
| २०० mm H.D.P.E पाइप | ३२ मी | २९३८ | ९४०१६ |
| ३२ mm H.D.P.E पाइप | ६०० मी | १००.५७ | ६०३४२ |
| २५mmH.D.P.E पाइप | ६००मी | ९४.९२ | ५६९५२ |
| ९×१२ टारप्रिल्स | ६ पीस | १५२५.५ | ९१५३ |
| १२×१५ टारप्रिल्स | १४पीस | २५४२.५ | ३५५९५ |
| | | **जम्मा रु.** | **६९६७५८** |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| १८.१ | **सोधभर्ना :** गाउँपालिकाको वडा नं ३ बुलुङ, पाइन गाउँमा मिति २०७५।०६।२६ मा एक्साभेटरले बाटो खन्ने क्रममा ढुङा पल्टिन गई तल गोरेटो बाटोमा हिंडिरहेका आइत सिंह तामाङलाई ढुङ्गाले लाग्न गई निजको घटनास्थलमा मृत्यु भएकोले गाउँपालिकाले निजको परिवारलाई क्षतिपूर्ती रु.५००००० भुक्तानी गरी सोको सोधभर्ना जिल्ला प्रशासन कार्यालय मार्फत २०७५ फागुनमा प्रिमियर इन्स्योरेन्स कम्पनी लिमीटेड कुमारी पाटिमा वीमाको रकम माग गरेकोमा लेखापरीक्षणको अबधिसम्म प्राप्त भएको नदेखिएको रु.. | ५००००० |
| | **शशर्त स्वास्थ्य** | |
| १९. | **तलवी प्रतिवेदन :** निजामती सेवा ऐन, २०४९ को दफा ७ (ख) २ अनुसार केन्द्रिय निकायका निजामती कर्मचारीको हकमा निजामती किताबखाना र जिल्ला स्थित सरकारी कार्यालयको कर्मचारीको जिल्ला स्थित कोष तथा लेखा नियन्त्रक कार्यालयले तलवी प्रतिवेदन पारित गराएर खर्च लेख्नु पर्ने प्राबधान छ । गाँउपालिका अर्न्तगत ८ वटा स्वास्थ्य चौकिमा ४८ जना कर्मचारीको दरवन्दी रहेको रं कृषि तर्फ २ जना कर्मचारीको पारित नगराई कर्मचारीको तलबमा क्रमश रु. १२४१९९४६ तथा ७६०४९९ खर्च लेखेको छ । तलवी प्रतिवेदन पारित नगराई भएको खर्चलाई नियमित भन्न मिल्ने देखिएन । | |
| १९.१ | **औषधि खरीद :**सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१(१) मा सार्वजनिक निकायले बीस लाख रुपैयाँ भन्दा बढी लागत भएको निर्माण कार्य, मालसमान वा जुनसुकै सेवा खरिद गर्नुपर्दा बोलपत्रको माध्यमद्धारा खरिद गर्नुपर्ने, नियम ८५ (१ क) मा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि बीस लाख रुपैयासम्मको औषधीजन्य मालसामान राष्ट्रियस्तरको पत्रिकामा सूचना प्रकाशन गरी तोकेको बिक्री मुल्यमा सोझै खरिद गर्न सक्ने उल्लेख छ । गाउँपालिकाले यो वर्ष विभिन्न फर्मबाट निम्नानुसारका औषधी तथा उपकरण सिधै खरिद गरेको छ । नियमावलीको व्यवस्थाको प्रतिकुल हुने गरी बोलपत्र बेगर प्रतिस्पर्धा सिमित हुने गरी एउटै र विभिन्न फर्मबाट सिधै खरिद गरी भुक्तानी भएको रकम नियम सम्मत नभएको रु... | ३३२५६३४ |

| भौ.नं./ मिति | फर्मको नाम | विवरण | भुक्तानी |
|---|---|---|---|
| ३/२०७५/०६/१४ | स्माइल मेडिसिन सप्लायर्स घट्टेकुलो | ६८ आइटम औषधी | ६९९६९८ |
| ३५/२०७५/१०/२३ | निरिजामा मेडिको सप्लायर्स, मध्यपुरठिमी | रिडपेसरी, सेनेटरी प्याड | ४६८४९ |
| ६३/२०७५/१०/२३ | निरिजामा मेडिको सप्लायर्स, मध्यपुरठिमी | औषधी | ८७०४० |
| ६२/२०७५/१०/२३ | निरिजामा मेडिको सप्लायर्स, मध्यपुरठिमी | औषधी | २९८०३१ |
| ६५/२०७५/१०/२३ | निरिजामा मेडिको सप्लायर्स, मध्यपुरठिमी | औषधी | ९९९६२८ |
| ६४/२०७५/१०/२३ | भण्डारी ट्रडिङ्ग कन्सर्न , लोकन्थली | उपकरण | ४९६६२३ |
| ६६/२०७५/१०/२३ | विकास सर्जिकल कन्सर्न, लोकन्थली | उपकरण | ४९७७६५ |
| २१७/२०७६/०३/०९ | विकास सर्जिकल कन्सर्न, लोकन्थली | औषधी, उपकरण | २००००० |
| | | **जम्मा रु.** | **३३२५६३४** |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
| --- | --- | --- |
| १९.२ | आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४७(१) मा कार्यालय प्रमुखले आफ्नो कार्यालयमा रहेको र खरिद गरी वा नगरी वा कुनै प्रकारले हस्तान्तरण भई वा वस्तुगत सहायता वा अन्य कुनै प्रकारबाट प्राप्त हुन आएका जिन्सी मालसामानको विवरण र मुल्य समेत खुलाई जिन्सी किताबमा ७ दिनभित्र आम्दानी बाँधी स्रेस्ता खडा गरी अद्यावधिक गरी राख्नु पर्ने व्यवस्था छ । कार्यालयले यस वर्ष खरिद गरिएका र गत वर्षको मौज्दात समेत विभिन्न ४७ आइटम औषधीको विभिन्न परिमाणहरु विभिन्न स्वास्थ्य संस्थालाई हस्तान्तरण गरेको विवरण पेश गरेता पनि स्वास्थ्य सस्थाले प्राप्त गरेको औषधीका परिमाणको दाखिला प्रतिवेदन पेश गरेको छैन। प्राप्त औषधी के कति खर्च भए र कति बाँकी छन् त्यस्को अवस्था एकिन हुन सकेको छैन । सो सम्बन्धमा गाउँपालिकाबाट पनि अनुगमन हुने गरेको छैन। अतः औषधीको उचित प्रयोग गरी सेवाग्राहीलाई प्रभावकारी सेवा पुर्‍याउन औषधी प्राप्त संस्थाबाट औषधीको संरक्षण एवं उचित व्यवस्थापन हुनु पर्दछ । गाउँपालिकाद्धारा पनि समय समयमा अनुगमनको प्रक्रिया अवलम्बन गर्नुपर्ने देखिन्छ । | |
| | **शशर्त शिक्षा तर्फ :** | |
| २०. | स्रोत व्यक्तिको सिफारीस अनुसार चौमासिक रुपमा माग फारम संलग्न गरी स्पस्ट रुपमा खर्च लेख्नु पर्नेमा विद्यालयले विभिन्न समयको छुट भएको उल्लेख गरी समय समयमा छुट माग फाराम संलग्न गरी पटक पटक खर्च लेखेको पाइयो । यसरी पटक पटक निकासा दिदा दोहोरो निकासाको जोखिम हुने भएकोले सम्भव भएसम्म एकैपटक निकासा दिने व्यवस्था मिलाउनु पर्दछ । विद्यालयगत विवरण, सरुवा, बढुवा, अवकाश, शिक्षकको अभिलेख विद्यार्थी संख्या लगायतको विवरण संलग्न गरी अद्यावधिक तथ्याङ्क उपलब्ध गराई खर्च लेख्नुपर्नेमा सो विवरण ब्यवस्थित नराख्ने र निर्देशिका अनुसार कार्य नगर्ने, माग फाराम लगायतको तथ्याङ्क पुर्ण रुपमा प्रमाणित गरी विवरण अद्यावधिक सहितको जिम्मेवारी नलिने स्रोत व्यक्ति तथा शिक्षा संयोजकलाई सचेत गराई विवरण अद्यावधिक गर्न लगाउनु पर्दछ । | |
| २०.१ | विद्यालय र विद्यालयसँग मातृ सम्वन्ध स्थापना गरी संचालन रहेको प्रारम्भीक बाल विकास केन्द्रका सहजकर्ताको पारीश्रमीक प्रति महिना ६००० का दरले चाडपर्व खर्च सहित १३ महिनाको हुन आउने रकम अनुदान दिदा सम्वन्धीत विद्यालयले प्रमाणीत हाजिरी र सिफारीस पेश गर्नुपर्ने सम्वन्धीत विद्यालयको शैक्षिक तथ्याङ्क (IEMS)भर्दा प्रारम्भिक बाल कक्षाको तथ्याङ्क भर्ने ब्यवस्था विद्यालय क्षेत्र विकास कार्यक्रम कार्यान्वयन पुस्तिका २०७५/०७६ मा उल्लेख छ । गाँउपालीकाले उक्त विवरण संलग्न नगरी पटक पटक ३१ बाल विकास केन्द्रको लागि रु २३७०००० पारिश्रमीक खर्च लेखेको छ । आफ्नो क्षेत्र अर्न्तगतको बाल विकास केन्द्रको यकिन गरी गाँउपालीकाले अभिलेख अद्यावधिक गरी प्रगती प्रतिवेदन हाजिरी विवरण संलग्न गरेर खर्च लेख्नुपर्दछ । | |
| २०.२ | ३४/२०७६/३/२५ मुल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा १८ मा करदाताले प्रत्येक महिना आफुले बुझाउनु पर्ने कर स्वंयम निर्धारण गरी सो महिना समाप्त भएको २५ दिन भित्र कर अधिकृत समक्ष तोकिए बमोजीम कर विवरण पेश गर्नपर्ने छ । यस्तो विवरण सो महिनामा कर लाग्ने कारोबार गरे वा नगरेको जे सुकै भए तापनि पेश गर्नुपर्ने उल्लेख छ । लागत अनुमान ७७१८१०/२४ रहेको देवलिङ्गेश्वर मा.वि.मा शौचालय मर्मत कार्यको कार्य सम्पन्न प्रतिवेदन साथ पेश भएको वावा इट्टा उद्योग गौशाला महोत्तरीको मु.अ.कर. समेत ५३६७५ को विल पेश भएकोमा उक्त उद्योग Non fillerदेखिएकोले मु.अ.कर रकम समायोजन गरेको प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु | ६१७५ |
| २१. | **प्रधानमन्त्री रोजगार कार्यक्रमतर्फ** | |
| | स्थानीय तहमा सुचिकृत बेरोजगार व्यत्तिलाई न्यूनतम रोजगारी प्रत्याभुत गराउन र सामुदायिक पुर्वाधारको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउन प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन भएको छ । गाउँपालिकामा यो वर्ष प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रु १७५४३१६ खर्च भएको छ ।<br>प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ को दफा २ (ट) मा बेरोजगार व्यक्तिलाई स्थानीय तहको रोजगार सेवा केन्द्रमा सुचिकृत गरि परिचय पत्र वितरण गर्नुपर्ने व्यवस्था छ । कार्यविधिको दफा १३ (१) मा रोजगार सेवा केन्द्रमा सुचिकृत बेरोजगार व्यक्तिहरु मध्येबाट निर्देशिकाको दफा २१ को उपदफा (३) बमोजिमको प्राथमिकताक्रमका आधारमा काममा खटाउनु पर्ने व्यवस्था छ । गाउँपालिकाले बेरोजगार व्यक्तिको सुचिकृत गरि बेरोजगार परिचयपत्र वितरण गरेर प्राथमिकताको आधारमा कामका लागि पारिश्रमिक कार्यक्रममा सहभागी गराउनु पर्नेमा गरेको छैन । वडाको सिफारिशको आधारमा कामदार छनौट गरी कार्यक्रम सञ्चालन गरेको देखिँदा | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | वास्तविक बेरोजगार व्यक्तिले रोजगारी प्राप्त गरे भन्ने आधार रहदैन । कार्यक्रममा सहभागी कामदारको ज्याला बैंकिङ्ग प्रणालीबाट भुक्तानी गर्ने अवस्था हुँदा हुदै वडा अध्यक्षलाई वितरणको लागि नगदै दिएकोले वितरण गरिएको रकम विश्वसनिय छ भन्न सकिएन । आयोजना सञ्चालन पुर्व स्थानीय तहले प्राविधीक कर्मचारी खटाई प्राविधिक प्रतिवेदन तयार गर्नुपर्ने र सोको नियमित प्राविधिक सुपरिवेक्षण र अनुगमन गर्नुपर्नेमा गरेको प्रतिवेदन संलग्न भएको छैन । कानूनमा भएको व्यवस्थाको पालना गर्दै सुचिकृत बेरोजगारले रोजगारी पाउने अवस्थाको सृजना गरेर, रोजगार व्यवस्थापन सुचना प्रणालीलाई अद्यावधिक गर्दै कामका लागि पारिश्रमिक कार्यक्रमलाई विश्वसनिय तथा प्रभावकारी बनाउनु पर्दछ । | |
| | **सामाजिक सुरक्षा कार्यक्रम तर्फ** | |
| २२. | सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधी, २०७५ को दफा १० को उपदफा (१) मा स्थानीय तहले भत्ता पाउने लाभग्राहीको फोटो सहितको अनुसुची ५ बमोजिमको मूल अभिलेख अद्यावधिक गरी वडा अनुसार प्रत्येक वडा कार्यालयमा राख्नु पर्नेछ । लाभग्राहीको तोकिए बमोजिमको विवरण निर्दिष्ट समय भित्र एमआइएसमा प्रविष्टि गर्नुपर्ने छ भनि लाभग्राहीको अभिलेख राख्नुपर्ने व्यवस्था छ । गाँउपालिकाले योवर्ष ८ वडा कार्यालय मार्फत जेष्ठ नागरिक तथा सामाजिक सुरक्षा भत्ता रु.३७०९६६०० वितरण गरी खर्च लेखेको छ । यसरी वितरण गर्दा वडा कार्यालयहरुले नियमावलीले गरेको व्यवस्था बमोजिम फोटो सहितको मूल अभिलेख किताव अद्यावधिक नगरेको व्यहोरा जानाकारी भयो । एमआइएस डाटालाई आधार मानी भुक्तानी गर्ने गरेको छ तर उक्त एमआइएस डाटा अद्यावधिक गराउदा के कति भरपर्दो तवरबाट गरिएको छ सोको स्पष्ट आधार र प्रमाण पेश हुन आएन । यसरी बितरण गरेको जेष्ठ नागरिक तथा सामाजिक सुरक्षा भत्ता यथार्थ र भरपर्दो किसिमबाट बितरण भयो भन्न सकिने देखिएन । यस सम्वन्धमा सम्वन्धित निकायबाट यथार्थता यकिन गरिनु पर्ने देखिन्छ । | |
| २२.१ | सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधी, २०७५ को परिच्छेद ७ मा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि मन्त्रालयको स्वीकृती बेगर हातहातै नगद वितरण गर्न पाइने छैन भन्ने उल्लेख गरी बैंक मार्फत भत्ता वितरण गर्ने सम्वन्धी विबिध व्यवस्था गरेको छ । गाँउपालिकाको कार्यालयले योवर्ष ८ वडा कार्यालयमा भत्ता रकम नगदै वितरण गरेको देखियो । यसरी नगदै बितरण गर्दा निर्देशिकाको उपरोक्त प्रावधान बमोजिम मन्त्रालयको स्वीकृती लिएको छैन । यसमा सम्वन्धित निकायले ध्यान दिनु पर्दछ । | |
| २२.२ | **लगत अद्यावधिक :** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ को दफा १२ को उपदफा (१) वमोजिम नाम दर्ता तथा नवीकरणवाट आगामी आर्थिक वर्षको लागि कायम हुन आएको लाभग्राहीको संख्यात्मक विवरण प्रत्येक गाउँपालिकाले पौष मसान्त भित्र अनुसुची–७ वमोजिमको ढाँचामा लगत अद्यावधिक गरी सोही अनुसार भुक्तानी गर्नु पर्ने प्रावधान छ । विगु गाउँपालिका अर्न्तगतका ८ वटै वडाले भत्ता वितरण कार्यको लागि तोकिएको ढाँचामा चौमासिकगत लगत अद्यावधिक नगरी खर्च लेखेको पाइयो । यसरी भत्ता वितरण गर्दा वास्तविक लाभग्राहीको संख्या यकिन गर्न नसकिने र कार्यविधिको परिपालना नगरेको पाइयो । गाँउपालिकाले कार्यविधिको परिपालना गर्ने तर्फ ध्यान दिनुपर्दछ । | |
| २२.३ | **नाम नवीकरण :** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७२ को दफा ७ को उपदफा (१) मा भत्ता प्राप्त गरिरहेका सवै प्रकारका लाभग्राहीहरुले आगामी आ.व.मा पनि भत्ता लिनका लागि तोकिएको ढाँचामा सो कार्यविधिको दफा ६ को उपदफा (१) मा उल्लेखित समयावधि भित्र सम्वन्धित गाउँपालिकामा दरखास्त दिनु पर्ने व्यवस्था छ । उपदफा (२) मा यसरी नविकरण नगर्ने लाभग्राहीले पछिल्लो आ.व.मा भत्ता नपाउने समेत उल्लेख गरेकोमा गाउँपालिकाले सोको परिपालना गरेको पाइएन । उल्लेखित | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | व्यवस्था अनुसार अधिकाशं लाभग्राहीको नाम नबिकरण नगरि बिगत बर्षहरुमा भत्ता पाई राखेकाहरुको नामावलीलाई नै नबिकरण मानी भत्ता बितरण गर्ने गरेको छ । अत: कार्यविधिको पालना गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । | |
| २३. | **पर्यटन बोर्ड तर्फ** : ३/२०७६/०३/३१ आयकर ऐन, २०५८ को दफा ८८(५) मा बासिन्दा व्यक्तिले नेपालमा स्रोत भएको भाडा भुक्तानी गरेकोमा दश प्रतिशतका दरले कर बुझाउनु पर्ने व्यवस्था छ । गाउँपालिकाले विगु गुम्वा पर्यटन पुर्वाधार निर्माण शिर्षकमा निर्माण कार्य सञ्चालन गर्दा बा ४ ख ७५४१ नम्वरको ट्रक मार्फत विभिन्न मितिमा गरेको ढुवानीको एकमुष्ठ रु.३८४५०८भुक्तानी गरेकोमा १० प्रतिशत बहाल कर रु.३८४५० कट्टी गर्नुपर्नेमा नगरेकोले कर असुल गरी सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु. | ३८४५० |
| २४. | **बेरुजू फछ्र्यौट तथा सम्परीक्षण स्थिती :** आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १८ बमोजिम कार्यालयले बेरुजू फछ्र्यौट गरी दफा १९ बमोजिम सम्परीक्षणको लागी अनुरोध गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले लेखापरीक्षणको क्रममा रु.८ लाख बेरुजू फछ्र्यौट गरि सम्परीक्षणको लागि पेश भएकोमा निम्नानुसार रु.२ लाखसम्परीक्षण गरिएको छ । बाकी बेरुजु नियमानुसार फछ्र्यौट गरी सम्परीक्षण गराउनु पर्ने देखिन्छ । | |

| **आर्थिक बर्ष** | **बेरुजू दफा नं** | **फछ्र्यौटको व्यहोरा** | **फछ्र्यौट रकम** |
|---|---|---|---|
| २०७४.७५ | ४९ | आर्थिक बर्षको अन्त्य सम्ममा गिउजा खोला साघुं निर्माण कार्यका उ.स. राम नरेश यादवका नाउको पेश्की बाकी रु.२ लाख फछ्र्यौट भइ आएको आधारमा सम्परीक्षण भएको रु... | २००००० |

अनुसूची- १

# बिगु गाउँपालिकाकोसञ्चित कोष विवरण

**२०७५।७६**

**प्रदेश : बागमती** (रु.हजारमा)

| क. सं. | स्थानीय तह | जिल्ला | आय | | | | जम्मा आय | व्यय | | | | मौज्दात |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | गत वर्षको जिम्मेवारी | समानीकरण अनुदान | सशर्त तथा अन्य बजेट अनुदान | अन्य आय | | चालु खर्च | पूँजीगत खर्च | अन्य खर्च | जम्मा खर्च | |
| | | | १ | २ | ३ | ४ | ५ (२+३+४) | ६ | ७१ | ८ | ९ (६+७+८) | १० (१+५-९) |
| १ | बिगु गाउँपालिका | दोलखा | १८०५१ | १२०४५२ | २४३३०१ | १९६०८ | ३८३३६१ | २०४८७१ | १८६७२३ | ५५६१ | ३९७१५५ | ४२५७ |

अनुसूची– २

# बेरुजू बर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

**२०७५।७६(रु.हजारमा)**

| सि.नं. | जिल्ला | स्थानीय तहको नाम | प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजू | | | वाँकी बेरुजू | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | अशुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेश्की | | |
| | | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजश्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | कर्मचारी | अन्य | जम्मा |
| १ | दोलखा | बिगु गाउँपालिका | ४३ | ३५ | ४२९०९ | ० | ४ | ९४३६ | ४३ | ३१ | ३३४७३ | ९३८ | २०१६९ | १०३९१ | ० | ० | ३०५६० | ० | १९७५ | १९७५ |

अनुसूचि ३

# अद्यावधिक वेरुजू स्थिति

**२०७५।७६(रु. हजारमा)**

| क. सं. | स्थानीय तह | जिल्ला | गत बर्ष सम्मको बाकी | यो वर्षको फछ्र्यौट | बाँकी | यो वर्ष सं.प.वाट कायम भएको वेरुजू | यो वर्षको वेरुजू | कुल बाँकी वेरुजू |
|---|---|---|---|---|---|---|---|---|
| १ | बिगु गाउँपालिका | दोलखा | ६९३१७ | २०० | ६९११७ | ०० | ३३४७३ | १०२५९० |